महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९
सुन्दरहरैंचा नगरपालिका
मोरङ

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	(Independence)
निष्ठा	(Integrity)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)
व्यावसायिकता	(Professionalism)

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एंव नेपाल सरकारी लेखापरीक्षणमान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाहलगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमालगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदनउपर छलफल र बेरुजु फर्स्यौटसम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजु उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफलसमेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

२०७९ आषाढ

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल

Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, प्रदेश नं १

पत्र संख्याः २०७८।७९

च.नं. ४३०

मितिः २०७९।३।२०

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू

सुन्दरहरैंचा नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,

मोरङ ।

कैफियतसहितको राय

हामीले सुन्दरहरैंचा नगरपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियतसहितको राय व्यक्त गर्ने आधार

१. सुन्दरहरैंचा नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू. १२ करोड २१ लाख २५ हजार बेरुजु देखिएको छ । सोमध्ये प्रतिक्रियाबाट रू. २ लाख फस्यौंट भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू. ३ करोड ९ लाख ५६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ६ करोड ९९ लाख ५८ हजार, नियमित गर्नुपर्ने रू. २ करोड ८ लाख ११ हजार र पेश्की रू. २ लाख रहेको छ । पालिकाको गतवर्ष सम्म रु. २३ करोड ८३ लाख २९ हजार बेरुजु बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्यौंट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु. २७ करोड ५३ लाख ५८ हजार रहेको छ । नगरपालिकाको **बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजुस्थिति यसैसाथ संलग्न छ ।**

३. सुन्दरहरैंचा नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेकोलगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्कीबाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरणउपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनबमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। नगरकार्यपालिका, नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतका कारण सारभूतरूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्यस्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(पद्मप्रसाद आचार्य)

नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328

Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

सुन्दरहरैंचा नगरपालिका

बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
२०७७।७८

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजु			बेरुजु						
									असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम		अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती								
११४	७८	१२२१२५	०	२	२००	११४	७६	१२१९२५	३०९५६	२०८११	६९९५८	०	०	१२१७२५	२००

अद्यावधिक बेरुजु स्थिति
२०७७।७८

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्र्यौट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
मोरङ	२३८३२९	0	८४८९६	१५३४३३	०	१२१९२५	२७५३५८

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : सुन्दरहरैंचा नगरपालिका, मोरङ , सुन्दरहेरैचा नगरपालिका , मोरङ

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	Binod Bhattarai	२०७८-९-२३	हाल सम्म कार्यरत
लेखा प्रमुख	Shekhar Dhakal	२०७६-११-५	
		बेरुजु रकम	१२२,१२५,९०९

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		३७,१९,७७,५३७.०२	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	६३,४४,८०,०९६	चालु खर्च	५५,७२,२२,२२१.३
प्रदेश सरकारबाट अनुदान	२,१५,८७,०००	पूँजीगत खर्च	५६,१५,५४,०५८.५४
राजश्व बाँडफाँट	२२,११,२२,१३४.५४	वित्तीय/अन्य व्यवस्था	८,६८,७४,२९४.२१
आन्तरिक आय	१२,०३,२३,८१४.३९		
अन्य आय	६,५४,७८,९७४.२		
कुल आय	१,०६,२९,९२,०१९.१३	कुल खर्च	१,२०,५६,५०,५७४.०५
बाँकी मौज्दात		२२,९३,१८,९८२.१	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			**परिचय** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत १२ वडा, ६४ सभा सदस्य, ११०.१६ वर्ग किलोमिटर क्षेत्रफल तथा ८० हजार ५१८ जनसंख्या रहेको छ ।	
२			**लेखापरीक्षण सीमा** लेखापरीक्षण कार्यलाई थप व्यवस्थित गर्दै लैजाने नीति अनुरुप यस पटक NAMS (Nepal Audit Management System) मार्फत छनौट गरिका जोखिमका आधारमा वित्तीय विवरण र सोसंग सम्बन्धित कागजात परीक्षण गरिएको छ । पहिलो पटक वेभ वेस प्रतिवेदन जारी गरिएको हुँदा प्रतिवेदनमा समेत सोको प्रभाव पर्न सक्ने हुँदा देखिएका त्रुटीलाई परिवर्तन गर्दै लगिने छ ।	
३			**आर्थिक विवरण** आर्थिक वर्ष २०७७।७८ को यस स्थानीय तहको आय-व्यय हिसावको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छः	

प्राप्ती भुक्तानी हिसाव					
विवरण	यस वर्ष रु.			गतवर्ष रु.	
	बजेट	आफैले गरेको प्राप्ति/भुक्तानी	जम्मा	आफैले गरेको प्राप्ति/भुक्तानी	जम्मा
प्राप्ती (क+ख)	१७०९९४०९९७.२१	१०६२९९२०१९.१३	१०६२९९२०१९.१३	११९८५९७७५८.६८	११९८५९७७५८.६८
क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)	१३८३४७१३०८.	९९७५१३०४४.९३	९९७५१३०४४.९३	८६८१५६१७४.७७	८६८१५६१७४.७७
११००० कर	२८०२४८७३१	२५४४५४४९५.७	२५४४५४४९५.७	१८९४६२३७३.७४	१८९४६२३७३.७४
१३००० अनुदान	७२५४८०७४१	६७९५३०८७०	६७९५३०८७०	६३३४५६०००	६३३४५६०००
संघीय सरकार	६४२१०३०९६	६३४४८००९६	६३४४८००९६.	५७५१२४०००	५७५१२४०००
प्रदेश सरकार	२१५८७०००	२१५८७०००	२१५८७०००.	५८३३२०००	५८३३२०००
अन्तरिक श्रोत	२८०२४८७०१	०	०.	०	०
जनसहभागिता	१०००००००	२३४६३७७४.	२३४६३७७४.	०	०

क्रम	भौचर नम्बर	भौचर मिति		बिषय							बेरुजु रकम
				१४००० अन्य राजस्व	८६९९३१३५	६३४०२६२१.२३	६३४०२६२१.२३	४४९५८९४१.०३	४४९५८९४१.०३		
				१५००० विविध प्राप्ति	५०००००.	१२५०५८	१२५०५८.	२७८८६०	२७८८६०		
				ख. अन्य प्राप्ति	३२६४६९६८९.२१	६५४७८९७४.२०	६५४७८९७४.२०	३३०४४१५८३.९१	३३०४४१५८३.९१		
				वितरण गर्न बाकी राजस्व	०	१३८९०८१४.२०	१३८९०८१४.२०	०	०		
				कोषहरु	१०४७५७७६२.२१	४०९५७५७८.५०	४०९५७५७८.५०	६२५५९४६२.९१	६२५५९४६२.९१		
				धरौटी	०	१०६३०५८१.५०	१०६३०५८१.५०	९४०८९९२	९४०८९९२		
				संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम	२२१७११९२७	०	०	२५८४७३१२९	२५८४७३१२९		
				भुक्तानी (ग+घ)	१७५५५४८१५४.०९	१२०५६५०५७४.०५	१२०५६५०५७४.०५	११२५५७७५१८.०५	११२५५७७५१८.०५		
				ग. भुक्तानी (सञ्चित कोषबाट)	१६४४०९०३९१.८८	१११८७७६२७९.८४	१११८७७६२७९.८४	८०७०८८०५२.६१	८०७०८८०५२.६१		
				२१००० पारिश्रमिक / सुविधा	२७१६६१४००	२६४९३७८०६.९	२६४९३७८०६.९	२५४०९७६९३.६	२५४०९७६९३.६		
				२२००० मालसामान तथा सेवाको उपयोग	३०५२२६२९०	२२००८४११३	२२००८४११३	१४३६१७६१८.८५	१४३६१७६१८.८५		
				२४००० ब्याज सेवा शुल्क तथा बैंक कमिशन	५,०००	०	०	४८०८५६.३८	४८०८५६.३८		
				२५००० सहायता (Subsidy)	७५०००००	२६८११९३	२६८११९३	२००००००	२००००००		
				२७००० सामाजिक सुरक्षा	५६०००००	३१२९२२३	३१२९२२३	३७१२१४७	३७१२१४७		
				२८००० अन्य खर्च	१६११७१२६२.८८	६६३८९८८५.४	६६३८९८८५.४	१२६४६६८८.७८	१२६४६६८८.७८		
				३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	८९२९२६४३९	५६१५५४०५८.५४	५६१५५४०५८.५४	३९०५३३०४८	३९०५३३०४८		
				घ. अन्य भूक्तानी	१११४५७७६२.२१	८६८७४२९४.२१	८६८७४२९४.२१	११२५५७७५१८.०५	११२५५७७५१८.०५		
				कोषहरु	१०४७५७७६२.२१	७५६३७१००	७५६३७१००	५०२७५३७०	५०२७५३७०		
				धरौटी	०	११२९६४८३.२१	११२९६४८३.२१	९७४०९६६.४४	९७४०९६६.४४		
				संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम	६७०००००	०	०	२५८४७३१२९	२५८४७३१२९		
				कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी		-५९,२८९	-५९,२८९				

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>ङ. यो वर्षको बचत (न्युन)</td><td>-४८०७१७४६०.७३</td><td>-१४२६५८५५४.९२</td><td>-१४२६५८५५४.९२</td><td>७३०२०२४०.६३</td><td>७३०२०२४०.६३</td></tr>
<tr><td>च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)</td><td></td><td>३७१९७७५३७.०२</td><td>३७१९७७५३७.०२</td><td>१४७५७६९६८.४७</td><td>१४७५७६९६८.४७</td></tr>
<tr><td>वर्षान्तको बाकी रकम (ङ + च)</td><td>-४८०७१७४६०.७३</td><td>२२९३१८९८२.१</td><td>२२९३१८९८२.१</td><td>२२०५९७२०९.१</td><td>२२०५९७२०९.१</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>
अन्तर सरकारी अख्तियारी
आर्थिक कार्यबिधि तथा नियमावली बित्तीय उत्तरदायित्त्व नियमाबली २०७७ को नियम ४६ मा स्थानिय तह मार्फत कुनै आयोजना तथा कार्यक्रम कार्यान्वियन गर्नेगरी निर्णय भएमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयले स्थानिय तहलाई संघिय निकायको ईकाईका रुपमा कार्यालयको कोड उपलब्ध गराई एकल खाता कोष प्रणाली अनुसार आर्थिक कारोबार सञ्चालन गर्ने गरी त्यस्तो कार्यक्रमको भुक्तानी निकासा दिने र अन्तर सरकारी अख्तियारी बमोजिम कार्यक्रम गर्ने कार्यालयले त्यस्तो अख्तियारी अनुसार भएको खर्चको मासिक, त्रैमासिक र बार्षिक प्रतिबेदन स्विकृत ढाचामा अख्तियारी दिने निकायमा पठाउनुपर्ने ब्यबस्था छ । पालिकालाई यस बर्ष देहाय बमोजिम अन्तर सरकारी अख्तियारी बमोजिम कार्यक्रम कार्यन्वयन गर्न अख्तियारी तथा निकासा प्राप्त भई खर्च समेत भएकोमा खर्चको मासिक, त्रैमासिक र बार्षिक प्रतिबेदन अख्तियारी दिने निकायमा पठाएको देखिएन । कानुनमा भएको ब्यबस्था अनुसार खर्चको मासिक, त्रैमासिक र बार्षिक प्रतिबेदन अख्तियारी दिने निकायमा पठाउनु पर्दछ ।
<table>
<tr><th>ब.उ.शि.नं.</th><th>बजेट</th><th>निकासा</th><th>खर्च</th></tr>
<tr><td>३१४०१०१२३</td><td>२४९५९३०००</td><td>२४९५९३०००</td><td>२४९५९३०००</td></tr>
<tr><td>३३६००१०२३</td><td>५४६०००</td><td>०</td><td>०</td></tr>
<tr><td>३३६००१०४३</td><td>२९९३५२७५</td><td>२६३६४९२७</td><td>२६३६४९२७</td></tr>
<tr><td>जम्मा</td><td>२८००७४२७५</td><td>२७५९५७९२७</td><td>२७५९५७९२७</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५</td><td></td><td></td><td>
वन पैदावार
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ख मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोगसम्बन्धि आफ्नो वार्षीक कार्ययोजना बनाई नगरपालिकाबाट स्वीकृत गराउनु पर्ने र वन पैदावार बिक्रीबापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धित नगरपालिकाको स्थानीय कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले सो सम्बन्धि अभिलेख तथा वन कार्ययोजना स्वीकृत गरेको देखिएन।आफ्नो क्षेत्रभित्र रहेका सामुदायिक वनको अभिलेख राखी वन कार्ययोजनाको स्वीकृति तथा वन पैदावारको बिक्रीबाट प्राप्त हुने रकम आम्दानी गर्न पहल गर्नुपर्ने देखिन्छ ।
</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
६			**करदाताको गोश्वारा लगत फाराम** करदाताको एकिकृत अभिलेख राख्ने उद्देश्यले मलेपफा नं ११२ तयार गरिएको हो । यसबाट करदाताको करसम्बन्धी सम्पूर्ण जानकारी जस्तै प्रत्येक करदाताको कर दायित्व असुली बक्यौता र अग्रिम असुलीको स्थिति उपलब्ध गराई आवश्यक निर्णय गर्न सहज हुने भिन म.ले.प.फा.नं. को व्यवस्था गरेको छ । तर नगरले यस प्रकारको अभिलेख राखेको छैन ।	
७			**राजस्व सफ्टवेयर** कार्यालयले राजस्व सम्बन्धमा सांग्रिलाको सफ्टवेयर प्रयोग गरेकोमा यस सम्बन्धमा देखिएका व्यहोरा देहायअनुसार छन् • वक्यौता रहेका करदाताले गत विगतको नबुझाइ यस वर्षको मात्र तिर्न मिल्ने व्यवस्था रहेकोले यसमा सुधार गर्नुपर्ने • सफ्टवेयरमा डाटा फेर्न मिल्ने देखिएकोमा के के तथ्याङंक परिवर्तन गर्यो सोको अभिलेख नदेखिएको • सफ्टवेयरबाट निस्कने तथ्याङ्कलाई दैनिक रुपमा व्याकअप गर्नुपर्नेमा सो नगरेको साथै आईटी सुरक्षाको व्यवस्था नगरेको • रद्द गरेको राजस्वको भौचर संख्या कति कुन कुन हो र कुल कति भौचर रद्द गर्यो सोको अभिलेख नदेखिएको • करदाताको संख्या देखिने तर बक्यौता रकम नदेखिने • राजस्वको सफ्टवेयर प्रयोगको लागि आवश्यक म्यानुअल नभएको कारण कुन कुन विवरण कहाँबाट देखिन्छ भन्ने एकिन गर्न सकिएन ।	
८			**भूमीकर मालपोत** मालपोत ऐन, २०२१ को दफा ११ मा जग्गावालाले बुझाउनु पर्ने मालपोत प्रत्येक वर्ष जेठ मसान्त सम्ममा बुझाउन पर्ने, दफा १२ मा माघ मसान्तसम्म सो वर्षको मालपोत बुझाउने जग्गावालालाई सो वर्षको लाग्ने मालपोतको ५% छुट दिइने, दफा १३ मा दफा ११ बमोजिमको म्याद नाघेपछी सो वर्षको असार १५ गते सम्म मालपोत बुझाएमा ५% शुल्क लगाई मालपोत असुली गरिने र दफा १४ मा दफा १३ बमोजिमको म्यादभित्र पनि मालपोत नबुझाई बाँकी रहेको जग्गाको फाँटवारी तयार गरी मालपोत कार्यालयमा पठाउनु पर्ने र दफा १६ को उपदफा (६) मा असार १६ गते देखि पछि वार्षिक १०% का दरले शुल्क लगाई मालपोत असुल गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले मालपोत असुली गर्दा छुट र जरिवानाको व्यवस्था गरेको छैन । विगत वर्ष देखि मालपोत असुल हुन बाँकी जग्गा र जग्गावालाको अभिलेख अध्यावधिक नगरेको कारण वक्यौता कति थियो कति असुली भयो र कति असुल हुन बाँकि रहेको छ भनी एकिन गर्न सकिएन । यस वर्ष असुली भएको मालपोतमा बक्यौता असुली गर्नु पर्ने हो होइन तथा असुली भयो भएन भनी परीक्षण गर्ने आधार भएन ।	
९			**सम्पत्ति कर** नगरपालिकाको आर्थिक ऐन २०७७ को दफा २ मा नगरपालिका क्षेत्र भित्र अनुसूची १ बमोजिम सम्पत्ति कर लगाउने र असूल गर्ने उल्लेख छ । अनुसूची १ मा घर तथा जग्गाको मूल्याँकन गर्दा मुख्य व्यापारिक क्षेत्र व्यापारिक क्षेत्र तथा आवासीय क्षेत्रमा वर्गीकरण गरेको छ । यस वर्ष सम्पत्ति कर रु. २४५६५४४७/- असुली भएको देखिन्छ । सम्पत्ति कर संलकन गर्दा ती क्षेत्रहरु एकीन गरी वर्गीकरण अनुसार नै भएको छ भनी एकीन गर्न सक्ने आधार पाइएन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१०			**करदाताको व्यक्तिगत लगत** सम्पूर्ण सरकारी तहका निकायहरुमा राजस्वको व्यक्तिगत लगत राखी सम्बन्धित जानकारीहरु जस्तै शुल्क दण्ड प्राप्ति तथा बाँकी विवरणहरु देखिने गरी म.ले.प.फा.नं १११ फारामको प्रयोग गर्नुपर्दछ । करदाताको व्यक्तिगत लगत राखि व्यक्तिले कति रकम बुझायो र कति बाँकी छ भनि अध्ययन गर्न यो मलेपफा नं प्रयोग हुनेमा नराखेकोले करको विवरण हेर्न सकिएन ।	
११			**मनोरञ्जन कर** नगरपालिकाको चौथो नगरसभाबाट पारित राजस्वको अनुमानमा अन्य मनोरञ्जन कर समेतबाट रु. ४९ हजार असुल गर्ने लक्ष्य लिएकोमा रु. ३ हजार ८८५ असुली देखाएको छ । प्रदेश आर्थिक ऐन, २०७६ बमोजिम सो रकम समेतको बाँडफाँड गरी प्रदेश सरकारलाई पठाउनु पर्नेमा बाँडफाँड गरेको पाइएन ।	
१२			**कर तथा शुल्क असुली** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा बहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ । पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझी लिने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ । आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत एकीकृत सम्पत्ति कर र घरजग्गा कर | २,८०,००,००० | २,३८,२४,४१८ | ८५ वहाल विरौटी शुल्क | ८,५०,००० | ७,०१,७२१ | ८२.५५ अन्य मनोरञ्जन कर | ४९,४५६ | ३,८८५ | ७.८५ अन्य कर | २,८३,२४२ | १,४७,७४६ | ५२.१६	
१३			**सवारी साधन कर** प्रदेश सरकारको आर्थिक ऐन, २०७६ को दफा ३(२) मा टाँगा, रिक्सा, अटोरिक्सा, विद्युतीय रिक्सा (ई-रिक्सा) नगरपालिकाले कर लगाई असुल गर्न सक्ने व्यवस्था छ । नगरपालिका क्षेत्र भित्र सञ्चालित अटो रिक्सा सम्बन्धी कार्यविधि बनाएको छैन तथा राजस्व समेत उठाएको छैन । नगरपालिकामा सञ्चालनमा रहेका अटोरिक्साको विवरण एकीन गरी दर्ता नभएका सावरी साधन दर्ता गर्ने र दर्ता भएकाको दर्ता नविकरण गरी राजश्व असुली गर्नुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१४			**नक्सापास दस्तुर** स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा २५ बमोजिम नगरपालिका क्षेत्रमा नक्सा पास नगराई घर निर्माण गर्न नपाइने व्यवस्था छ । नगरपालिका भित्र बनिरहेका सम्पूर्ण घरहरुलाई करको दायरामा ल्याई नक्सा पास पछि मात्र घर बनाउने इजाजत दिनुपर्ने व्यवस्था छ । यस वर्ष नक्सापास दस्तुर रु. ११२०१५९०/- असुली भएको देखिन्छ । नगरपालिकाले नक्सा पासको लागि अनुरोध भई आएका घरजग्गाको मात्र नक्सा पास गर्ने गरेको देखियो । निर्माण इजाजत नलिई बनाइराखेका भवनहरुको निगरानी र अनुगमन बढाई नक्सा पास गराउन प्रोत्साहन गरी राजस्व वृद्धि गर्ने तर्फ आवश्यक पहल गर्नुपर्दछ ।	
१५			**व्यवसाय कर** नगरपालिकाको आर्थिक ऐन २०७७ को दफा ५ मा नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा व्यवसाय दर्ता र नविकरणमा नगरपालिकको आर्थिक ऐनले निर्धारण गरे बमोजिम वार्षिक व्यवसाय कर लगाउन र उठाउन सक्ने व्यवस्था छ । यस वर्ष व्यवसाय कर रु. ९०६९४७९।५० असुली भएको देखिन्छ । राजश्व शाखाबाट प्राप्त व्यवसाय कर असुली सम्बन्धमा दर्ता हुन बाँकी र गत वर्षसम्म दर्ता भएका व्यवसायीहरुको विवरण अध्यावधिक गरेको छैन । गत विगत वर्षमा व्यवसाय दर्ता गरेका व्यवसायीहरुले कुन/कुन आर्थिक वर्षको लागि नविकरण गर्न बाँकी हो सो खुल्ने विवरण समेत तयार नगरेका कारण नगरपालिकाले प्राप्त गर्न बाँकी रकम यकिन गर्न सकिएको छैन । अभिलेख अद्यावधिक गरी असुल हुन बाँकी रकमको लगत तयार गर्नुपर्दछ ।	
१६			**घर बहाल कर** स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ५७ मा नगरपालिकाको क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, कारखाना जग्गा वा पोखरी पुरै वा आंशिक तवरले भाडामा दिएकोमा भाडा कर लगाउन पाउने व्यवस्था छ । त्यस्तै नगरपालिकाको आर्थिक ऐन २०७७ को दफा ४ मा समेत यस सम्बन्धी कर असूल गरिने उल्लेख छ । नगरपालिकाले आव २०७७।७८ मा रु ४५००००० संकलन गर्ने लक्ष्य गरी रु ४५६६९९९ असूल गरेको छ । नगरपालिकाले घरबहाल कर असूल गर्दा कर लिन मिल्ने सबै क्षेत्रको पहिचान गर्न सकेको छैन । घर जग्गा उपयोगको अवस्था अध्ययन गरी घर बहाल करको हिस्सा बढाउने तर्फ नगरको ध्यान जान आवश्यक देखिन्छ ।	
१७			**आय ठेक्का अभिलेख** नगरपालिकाले यस वर्ष तथा विगतका वर्ष देखिनै लगाएका आय ठेक्काको अभिलेख राखेको छैन । फाइल व्यवस्थापन गर्ने र सोको व्यवस्थित अभिलेख राख्नुपर्दछ । नगरले ठेक्काबाट यस वर्ष तथा विगत समेतको कुन ठेक्काबाट कति रकम यस वर्ष उठ्नुपर्ने हो तथा विगत वर्ष देखिको उठ्न बाँकी रकम कति हो सोमा लाग्नुपर्ने व्याज तथा जरिवानको रकम कति हो भनि अभिलेख राख्नुपर्नेमा सो अभिलेख राखेको पाईएन । यसमा सुधार हुनुपर्दछ ।	
१८			**खोला ठेक्का** नगरपालिकाको क्षेत्रभित्र पर्ने पबुढी, गच्छ्या र लोहोन्द्र खोलाको आम्दानी ठेक्का लगाएकोमा निम्नानुसार पाइयोः	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१८.१			**ठेक्काको लागत अनुमान ठेक्काको लागतः** अनुमान तयार गर्दा विगत वर्षको ठेक्का रकमलाई समेत आधार लिनुपर्नेमा लिएको छैन । गत वर्ष रु ९५१५११५१।५० मा ठेक्का लगाएकोमा यस वर्ष रु २९३०००१० को मात्र लागत अनुमान तयार गरेको छ । लागत अनुमान नै कम बनाउनुको कारण खुलाएको छैन । साथै यस वर्ष कुन आधारमा रु २९३०००१० को लागत अनुमान तयार गरेको हो सो समेत नखुलाएकोले रु ६५८५११४१ को कम लागत अनुमान नै कम बनाएको पाइयो।	
१८.२			**प्रारम्भिक वातावरणीय मूल्यांकन प्रतिवेदनः** सुन्दरहरैंचा नगरपालिकाले बुढी, गच्छ्या र लोहोन्द्र खोलामा नदीजन्य पदार्थ उत्खननका लागि ठेक्का व्यवस्था गरी राजस्व संकलन गरेको छ । ढुंगा गिट्टी वालुवाको स्पष्ट परिमाण खुलाई प्रारम्भिक वातावरणीय मूल्यांकन (IEE) प्रतिवेदनको आधारमा ठेक्का व्यवस्था हुने भएता पनि ठेक्का प्राप्त गर्ने व्यक्ति/फर्मले के कति परिमाणमा प्राकृतिक श्रोतहरु उत्खनन/संकलन गरे सो सम्बन्धमा अनुगमन गरी यथार्थ परिमाण खुल्ने विवरण नगरपालिकाले नराखेकोले के कति परिमाण उत्खनन/संकलन भयो सो सम्बन्धमा विश्लेषण गर्न सकिएन । IEE प्रतिवेदन अनुसार उत्खननको सीमा भित्र रहेको मान्ने आधार देखिएन ।	
१८.३			**बोलपत्रदा मूल्यांकनः** बोलपत्रदाता मध्ये R-one Construction ले रु ४६४४३००० कवोल गरेकोमा प्राप्त गरेकोमा पर्याप्त आधार र कारण विना शुभलक्ष्मी ट्रेड सेवालाई रु ४३६०१७२२।३५ को ठेक्का स्वीकृत गरेको छ । साथै वोलपत्र मूल्यांकन समितिको ४ सदस्य मध्ये २ सदस्यले मात्र हस्ताक्षर गरेकोले मूल्यांकनमा बहूमत सदस्यको हस्ताक्षर गरेको छैन । अत मूल्यांकन प्रतिवेदनलाई समेत आधिकारीक मान्न सकिएन ।	
१८.४			**छुटः** पालिकाले आय ठेक्काको सूचना प्रकाशन तथा सम्झौतापत्रमा उल्लेख भएको व्यवस्था अनुसार कार्य गुनपर्दछ । कार्यालयले गक्ष्या बुढीखोला लोहोन्द्र किस्तीखोलाको ठेक्का सम्झौता रु ४३६०१७२२।३५ मुल्य अभिवृद्धि कर समेत हेकोमा ठेक्का रकम सुरुमै भुक्तानी गर्दा १० प्रतिशत छुट दिएको छ । ठेक्काको सूचनामा उपरोक्त कुरा उल्लेख नगरेको अवस्थामा पनि १० प्रतिशत छुट दिएकोले उक्त रकम असूल गर्नुपर्ने रु	३,८५८,५५९
१९			**सुरक्षा गार्ड** सार्वजनिक निकायले कुनै प्रकारको सेवा करारमा लिई भुक्तानी गर्दा करार सम्झौतामा उल्लेख भए बमोजिम गर्नुपर्दछ । पालिकामा सुरक्षा गार्ड सेवा लिन दर्पण सेक्युरिटी प्रा.लि. संग २०७६।७।२१ मा सम्झौता गरी प्रति व्यक्ति रु.१३६७३ का दरले मासिक भुक्तानी गर्ने गरी सम्झौता भएको छ । जसमा पालिकाले वर्षभरी ७ जना सुरक्षा गार्ड सेवामा लिई रु. ११४८५३२ भुक्तानी हुनु पर्नेमा सम्झौतामा उल्लेख नभएको शनिवार ओभरटाइम समेत कार्य गरेको उल्लेख गरी रु. १३२५२२९ खर्च लेखेको छ । अतः सम्झौतामा उल्लेख नभएको बढी भुक्तानी भएको रकम असूल गरी दाखिला गर्नुपर्ने रु.	१७६,६९७

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२०			**ड्राइभिङ्ग तालिम** कुनै पनि सार्वजनिक नियकाले कुनै सेवा लिंदा पहिला लिएको फर्मसंग पुनः सेवा लिनु परेमा एउटै दरमा लिनु पर्दछ । प्रकृतिको सेवा लिंदा पालिकाको वार्षिक स्वीकृत कार्यक्रम अनुसार वडा नं ८ मा ड्राइभिङ्ग तालिम संचाल बगरी रु.१८४२०० खर्च लेखेको छ । ड्राइभिङ्ग तालिम लक्ष्मी नारायण ड्राइभिङ्ग सेन्टर मोरङले संचालन गरी भुक्तानी गर्दा एउटै तालिममा फरक दर पारी बढी भुक्तानी गरेकोले सो रकम सम्बन्धित फर्मबाट असूल गर्न रु.	३५,७००

भौचर नं र मिति	विवरण	दर	बढी दर	जना	बढी भुक्तानी
८८६-०७८।२।२३	१० जनालाई ३० दिनको ड्राइभिङ्ग तालिम	९९००	०	१०	०
८८७-०७८।२।२३	१४ जनालाई ३० दिनको ड्राइभिङ्ग तालिम	१२४५०	२५५०	१४	३५७००
बढी भुक्तानी					३५७००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२१			**सल्लाहकार सल्लाहकार** प्रदेश नं. १ अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५(पहिलो संशोधन समेत) मा यस प्रदेशमा नगरपालिका प्रमुख र उप प्रमुखले राजस्व र आन्तरिक आय एवं कार्यालयको कार्य बोझ समेतलाई ध्यानमा राखी कार्यपालिकाको निर्णय बमोजिम १ जना कर्मचारीलाई निजी सचिवको रुपमा राख्न सक्ने भएता पनि सल्लाहकार राख्न पाउने व्यवस्था रहेको छैन । कानूनी सल्लाहकारका रुपाम राय सुझाव दिनको लागि २०७७।११।१७ मा बालकृष्ण आचार्यसंग सम्झौता गरी मासिक रु.४०००० का दरले पारिश्रमिक रु.४८०००० भुक्तानी भएको छ । नियम विपरित नियुक्ती गरी भुक्तानी भएको रकम अनियमित देखिएको रु.	४८०,०००
२२			**सवारी साधन भाडा** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम, ३९(५) मा सरकारी रकम खर्च गर्दन खर्च पुष्टी गर्ने विल भरपाई तथा प्रमाण कागजात पेश गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गाराई राख्नु पर्ने व्यवस्था छ । नगरपालिकाले गाडी भाडामा लिनको लागि धर्मदेबी सप्लायर्स विराटनगरसंग दैनिक रु.२८२५ का दरले भुक्तानी गर्ने गरी सम्झौता गरेको छ । कार्यालयले विधिन्न समयमा धर्मदेवी सप्लायर्सको गाडी भाडामा लिए वापत रु. ४३२२२५ भुक्तानी गरेकोमा गाडी भाडा लिनुको प्रयोजन खुल्ने गरी सवारी लकबुक राखेको पाइएन । जसले गर्दा कुन कार्यकोलागि कस्ले कुन समयसम्म प्रयोग गरेको हो एकीन गर्न सकिएन । आगामी दिनमा आवश्यकताको आधारमा गाडी भाडा लिई सवारी प्रयोगको लकबुक राखि कार्यालयको खर्चमा मितव्ययिता गर्नु पर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२३			**मर्मत खर्च** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १३ (५) मा सार्वजनिक निकायले कुनै मालसामान ममर्त सम्भारको लागत अनुमान तयार गर्दा त्यस्तो निकायमा त्यस सम्बन्धी विशेषज्ञ वा दक्ष कर्मचारी भए त्यस्तो कर्मचारीबाट र त्यस्तो कर्मचारी नभए त्यस्तो काम गर्ने व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट लागत अनुमान तयार गराउनुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष सवारी साधन मर्मत मा रु. ३२,१०,२००/- र मेशिनरी तथा औजार मर्मत संभार मा रु.१३,२४,८८०/- गरी जम्मा रु. ४५३५०८०/- खर्च गरेकोमा नियमावलीमा व्यवस्था भए बमोजिम दक्ष विशेषज्ञबाट लागत अनुमान तयार नगर खर्च गरेको पाइयो । जिन्सी मालसामानको मर्मत गर्दा संभार तथा संरक्षण अभलेख खाता (म.ले.प.फा.नं. 415) बमोजिम ममर्त गर्दा फेरिएको नयाँ सामान, मर्मत गर्दाको मूल्य, मर्मत गर्ने व्यक्ति वा फर्मको नाम, मर्मत संभारको निरीक्षण/प्रमाणित गर्नेको नाम र हस्ताक्षर समेत खुल्ने गरी मर्मत संभार तथा संरक्षण अभिलेख खाता राख्नुपर्ने व्यवस्था भएपनि राखेको पाइएन । अतः नियमावलीमा भएको व्यवस्था पालना गरी मर्मत संभार तथा संरक्षण अभिलेख खाता प्रयोगमा ल्याउनु पर्दछ।	
२४			**इन्धन खर्चको मापदण्ड** प्रदेश नं. १ सार्वजनकि खर्चको मापदण्ड कार्यविधि र मितव्ययीता सम्बन्धी निर्देशिका २०७५ मा सवारी साधानको किसिम, इन्धन खर्च र मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई प्रयोगमा ल्याउनुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष इन्धन खर्चको कुनै मापदण्ड नै तयार नगरी इन्धन (कार्यालय प्रयोजन) मा रु. ३९,८८,०००/- र इन्धन (पदाधिकारी) मा रु.६,७१,१५६/- गरी जम्मा रु. ४६५९१५६/- इन्धनमा खर्च गरेको छ । पदाधिकारी तथा कर्मचारीलाई मासिक रुपमा दिने इन्धनको मापदण्ड तयार गरेको छैन।	
२५			**जिन्सीको व्यक्तिगत अभिलेख खाता** प्रदेश नं. १ सार्वजनिक खर्चको मापदण्ड कार्यविधि सम्बन्धी निर्देशिका २०७५ को बुँदा नं. १८ मा जिन्सी व्यवस्थापन सम्बन्धी मापदण्डको व्यवस्था छ । उक्त व्यवस्था अनुसार अनुसूची १ बमोजिमको ढाँचामा जिन्सी सामग्री प्रयोग गर्ने कर्मचारी वा पदाधिकारीको नाम श्रेणी, पद जिन्सी सामग्रीको नाम र प्रकार, मूल्य, जिन्सी सामग्री बुझिलिनेको हस्ताक्षर र मिति सहितको अभिलेख राख्नु पर्ने र सरुवा वा पदमुक्त भई जाँचा बरबुझारथ गर्नुपर्ने व्यवस्था छ । कार्यालयले जिन्सी सामग्री प्रयोगको व्यक्तिगत अभिखले खाता राखेतापनी ल्यापटप, कम्प्युटर जस्ता जिन्सी सामग्री बुझाएको अभिलेख अद्यावधिक गरेको छैन । निर्देशिकामा भएको व्यवस्थाको पालना गर्नुपर्दछ ।	
२६			**शैक्षिक प्रतिवेदन** अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा ३६ को उपदफा (१) मा प्रत्येक नगरपालिकले नगर सभामा आफ्नो क्षेत्रभित्रका सार्वजनिक र निजी विद्यालय र त्यस्ता विद्यालयमा अध्ययन गर्ने वालवालिकाको संख्या, आधारभूत तहमा विद्यालयमा भर्ना भएका वालवालिकाको संख्या, विद्यालय भर्ना भई आधारभूत तहको शिक्षा पुरा गरेका वालवालिका संख्या, विद्यालय भर्ना भई त्यस वर्ष आधारभूत तहको शिक्षा पुरा नगरी विद्यालय छाडेका विद्यार्थीको संख्या, आधारभूत/माध्यमिक शिक्षाको लागि विनियोजित रकम र त्यसको श्रोत र अन्य आवश्यक कुरा सहितको प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था छ । उपदफा (२) मा उपरोक्त अनुसारको प्रतिवेदन जानकारीका लागि शिक्षा सम्बन्धी विषय हेर्ने संघीय र प्रादेशिक मन्त्रालयमा समेत पठाउनुपर्ने उल्लेख छ । नगरपालिकाले कानूनमा व्यवस्था भए बमोजिम प्रतिवेदन पेश गरेको देखिएन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२७			**कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने** शिक्षा ससर्त तर्फ देहायका विद्यालयलाई भौतिक निर्माण तर्फ अनुदान प्राप्त भएकोमा लेखापरीक्षण अवधिसम्ममा पनि कार्य सम्पन्न भएको पाइएन । स्वीकृत योजना अनुरुपको कार्य भएको सम्बन्धमा नगरपालिकाबाट नियमित अनुगमन मूल्याङ्कन गरी यथाशिघ्र सम्पन्न गरी विद्यालय व्यवस्थापन समिति, सम्बन्धित विद्यालयका प्र.अ. , नगरपालिकाका प्र.प्र.अ. र प्राविधिकबाट स्वीकृत कार्य सम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु.	४,५५०,०००

विद्यालयको नाम	अनुदान रकम	कार्यक्रम
जनता मावि	६५००००	पुस्ताकालय स्थापना तथा व्यवस्थापन
महेन्द्र मावि	६५००००	पुस्ताकालय स्थापना तथा व्यवस्थापन
मावि मृगौलिया	६५००००	पुस्ताकालय स्थापना तथा व्यवस्थापन
पंचायत मावि	६५००००	विज्ञान प्रयोगशाला
नवज्योति मावि	६५००००	आइसिटि
जनता मावि	६५००००	विज्ञान प्रयोगशाला
श्रीखण्ड मावि	६५००००	आइसिटि
जम्मा	४५५००००	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२८			**सुरक्षित नागरिक आवास कार्यक्रम** सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५ (पहिलो संशोधन) को परिच्छेद ३ मा अनुदान रकम भुक्तानी सम्बन्धी व्यवस्था उल्लेख छ । सो परिच्छेदको दफा ५ उपदफा ७ बमोजिम पहिलो किस्ता कुल अनुदानको साठी प्रतिशत रकमबाट लाभग्राहीले जस्तापाता सामाग्री खरीद गरी निर्माण कार्य गर्नुपर्दछ । त्यस्तै दफा ६ मा अनुदान उपलब्ध गराएको ३ महिना भित्र कार्य गरिसक्नु पर्नेमा यस वर्ष ३२४ जना परिवारलाई ३०००० का दरले पहिलो किस्ता प्रदान गरी रु९७२०००० खर्च गरेको छ । कार्यक्रमको उद्देश्य बमोजिम समयमै कार्यसम्पन्न गर्ने तर्फ नगरपालिकाको ध्यान जानुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२९			**प्रधानमन्त्री रोजगार कार्यक्रम** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवं सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत सुन्दरहरैंचा नगरपालिका भित्रका ५ वडाहरु (वडा नं. ४,५,६,९र १२) मा वृक्षारोपण, सडक मर्मत, नाला खन्ने कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ७८ जनालाई रोजगारी उपलब्ध गराई रु.१२१८३६९ खर्च गरेको छ । लक्षित वर्गलाई १ दिनदेखि ४२ दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।	
३०			**शिक्षक दरवन्दी र पदपूर्ति** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ८३(१) मा विषयगत महाशाखा तथा शाखाको दरबन्दी संरचना कायम गनुपर्ने उल्लेख छ । स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । नगरपालिका अन्तर्गत विभिन्न तहका ३६ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । तालुक निकाय तथा पालिकाबाट विद्यालयगत शिक्षक दरबन्दी मिलान गरी पदपूर्ति गर्नुपर्दछ ।	
३१			**नमुना विद्यालय**	
३१.१			कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ को क्रियाकलाप नं ९.१३ मा नमुना विद्यालयले स्वीकृत गुरुयोजना अनुरुप रही न्युनतम पुर्वाधारहरुको प्राथमिकता गरी आइसिटि ल्याब, विज्ञान प्रयोगशाला, पुस्तकालय व्यवस्थापन पुंजिगत निर्माण र सुधारको क्षेत्रमा खर्च गर्ने र विद्यालय भौतिक तथा शैक्षिक विकासको नियमित अनुगमन गरी सोको प्रतिवेदन स्थानिय तह, शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा पठाउनु पर्ने व्यवस्था रहेको छ । नगरपालिका अन्तर्गतको सुकुना माविलाई यस आ.ब.मा नमुना विद्यालय भौतिक निर्माण तर्फ रु १ करोड विनियोजन भएकोमा विद्यालयले गुरुयोजना अनुसार विभिन्न प्रकारको कार्यमा रकम खर्च गरेको प्रगति विवरण पेश गरेको छैन । कार्यसम्पन्न गरी विद्यालयका प्रअ, व्यवस्थापन समितिका अध्यक्ष, प्राविधिक तथा प्रमुख प्रशासकिय अधिकृतबाट प्रमाणित कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु.	१०,०००,०००

(क्रम ३० अन्तर्गतको तालिका)

सि.नं.	विद्यालयको नाम	शिक्षक दरबन्दी	पदपूर्ति	पदपूर्ति मध्ये करार	विद्यार्थी संख्या
१	३६ विद्यालय	३२२	३१७	६२	१५१८१

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३१.२			कार्यक्रम कार्यान्वियन पुस्तिका २०७७।७८ को क्रियाकलाप ९.१३ मा नमुना विद्यालयले स्वीकृत गुरुयोजना अनुरुप रही न्युनतम पुर्वाधारहरुको प्राथमिकता गरी आइसिटि ल्याब, विज्ञान प्रयोगशाला, पुस्तकालय व्यवस्थापन पुंजिगत निर्माण र सुधारको क्षेत्रमा खर्च गर्ने र विद्यालय भौतिक तथा शैक्षिक विकासको नियमित अनुगमन गरी सोको प्रतिवेदन स्थानिय तह, शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा पठाउनु पर्ने व्यवस्था रहेको छ । नगरपालिका अन्तर्गतको सुकुना माविलाई यस आ.ब.मा नमुना विद्यालय शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वियन अनुदानका लागि रु.५० लाख विनियोजन भएकोमा विद्यालयले गुरुयोजना अनुसारका विभिन्न प्रकारको कार्यमा रकम खर्च गरेको प्रगति विवरण पेश नगरेकोले कार्यसम्पन्न भएको प्रगति विवरण विलभरपाई लगायतका कागजात पेश गर्नुपर्ने रु.	५,०००,०००
३२			**प्राविधिक धारका विद्यालय** १३७-३/२ कार्यक्रम कार्यान्वियन पुस्तिका को बुँदा २.६ मा शिक्षण सिकाई सामाग्री प्रयोगात्मक सामाग्रीहरु व्यवस्थापनका लागि प्राविधिक तथा व्यवसायिक धारका विद्यालयका लागि प्रति विद्यार्थी १५ हजार का दरले अनुदान उपलब्ध गराउने र अनुदान प्राप्त गर्ने विद्यालयले प्राथमिकताका आधारमा सो बुँदाको उपबुँदा ख अनुसार खर्च गर्ने उल्लेख भएको छ । यस नगरपालिकाबाट सुकुना माध्यामिक विद्यालयलाई रु२३४४००० प्राविधिक धार अनुदान उपलब्ध गराएकोमा कार्यक्रम कार्यान्वियन पुस्तिका बमोजिम खर्च भए नभएको सम्बन्धमा अनुगमन मूल्यांकन हुनुपर्दछ ।	
३३			**स्यानिटरी प्याड खरीद** सामुदायिक विद्यालयमा अध्ययनरत किशोरावस्थाका छात्राहरुलाई महिनावारीका समयमा आवश्यक पर्ने महिनावारी व्यस्थापन सामाग्री उपलब्ध गराई उनीहरुको स्वास्थ्यमा सुधार गरी सोही कारणले विद्यालय छाड्ने समस्या समाधान गर्न संघीय सरकार मार्फत ससर्त तर्फ स्थानिय तहलाई बजेट विनियोजन भएको छ । सो कार्यलाई व्यवस्थित गर्न सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन), २०७६ जारी गरेको छ । स्थानिय तहबाट खरीद गरिने सेनिटरी प्याड सम्बन्धित विद्यालयलाई हस्तान्तरण गरी विद्यालयले यसरी प्राप्त सामान जिन्सीमा अभिलेख राखी छात्राहरुको नाम नामेसी स्पष्ट खुल्ने गरी वितरण गरेको अभिलेख समेत राख्नु पर्ने कार्यविधिमा उल्लेख छ । यस नगरपालिकाले आ.ब ७७/७८ मा सेनिटरी प्याड वितरण तथा व्यवस्थापनका लागि प्राप्त बजेटबाट रु २९९१२३०।१८ को ११२८८३ थान सेनिटरी प्याड खरीद नवयुग भेन्चर प्रालिबाट खरीद गरेको छ । उक्त सेनिटरी प्याड सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन), २०७६ बमोजिम विद्यालयमार्फत छात्राहरुलाई वितरण नगरी नगरपालिकाको स्टोरमै राखिएको पाइयो । लामो समयसम्म स्टोरमा राख्दा उक्त प्याडको गुणस्तरमा ह्रास आउने तथा म्याद सकिने हुँदा कार्यक्रमको उद्देश्य बमोजिम छात्राहरुलाई हस्तान्तरण हुनुपर्दछ । बजेट फ्रिज हुन नदिने उद्देश्य राखी केवल खरीदका लागि खरीद गर्ने कार्यलाई निरुत्साहित गरिनुपर्दछ । विद्यालयले प्राप्त गरेको र पालिकामा मौज्दात रहेको समेत सबै सेनिटरी प्याड सम्बन्धित छात्राहरुलाई वितरण गरेको प्रमाण पेश हुनुपर्ने रु	२,९९१,२३०.१८

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३४</td><td></td><td></td><td>निजी लगानिका विद्यालयको छात्रवृत्ती
अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा २७ को उपदफा (३) मा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि यो ऐन प्रारम्भ भए पछि निजी लगानीका विद्यालय र सार्वजनिक शैक्षिक गुठी अन्तरगत सञ्चालन गरेका सो विद्यालयका विद्यार्थी संख्याको आधारमा विद्यालयले प्रारम्भिक वालविकास कक्षा देखि बाह्र कक्षा सम्मका कूल विद्यार्थी संख्याको देहाय बमोजिम विद्यार्थीलाई निशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ ।
<table>
<tr><td>विद्यार्थी संख्या</td><td>निशुल्क शिक्षाका लागि आरक्षण संख्या</td></tr>
<tr><td>५०० जना सम्म</td><td>कम्तिमा १० प्रतिशत</td></tr>
<tr><td>५०० जना देखि ८०० जना सम्म</td><td>कम्तिमा १२ प्रतिशत</td></tr>
<tr><td>८०० जना भन्दा बढी</td><td>कम्तिमा १५ प्रतिशत</td></tr>
</table>
यस नगरपालिका क्षेत्र भित्र निजी लगानीमा सञ्चालित विद्यालयहरुले नियममा व्यवस्था भए बमोजिम निशुल्क शिक्षाका लागि आरक्षण व्यवस्था गरेको विवरण पेश भएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३५			**कार्यसम्पन्न नभएको** राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यविधि २०७६ को दफा १४ १ मा कार्यक्रमको कार्यसम्पन्न भएपछी विद्यालयले अनिवार्य रुपमा सामाजिक परीक्षण गराउनुपर्नेछ । १३ को ३ मा कार्यक्रम कार्यान्वयन पुस्तिकामा तोकिएको ढाँचामा कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने उल्लेख छ । दफा ११ (६) मा कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने उल्लेख भएकोमा निम्न कार्यक्रमको अनुगमन मूल्याङ्कन गरी यथाशिघ्र सम्पन्न गरी विद्यालय व्यवस्थापन समिति, सम्बन्धित विद्यालयका प्र.अ. , नगरपालिकाका प्र.प्र.अ. र प्राविधिकबाट स्वीकृत कार्य सम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु.	११,६००,०००

विद्यालयको नाम	अनुदान रकम	कार्यक्रम	कार्य विवरण
ज्योति मावि	६५००००	शिक्षण सामाग्री उपलब्धी अभिवृद्धि	राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम
सुकुना मावि	६५००००	आइसिटि	
पञ्चायत मावि	६५००००	आइसिटि	
शिक्षा निकेतन मावि	६५००००	पुस्ताकालय तथा विज्ञान प्रयोगशाला	
ज्योति मावि	१८००००००	२ कोठे भवन	
मावि मृगौलिया	३६००००००	२ कोठे भवन २ वटा	
जनता मावि इन्द्रपुर	१८००००००	२ कोठे भवन	
जनता मावि दुलारी	१८००००००	२ कोठे भवन	
जम्मा	११६००००००		

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३६			**परम्परागत धार्मिक विद्यालय दर्ता** अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा १६ को उपदफा (१) मा परम्परादेखि चलिआएका शिक्षा सम्बन्धी मूल्य, मान्यता, संस्कृति, रीतिरिवाज र अभ्यासको संरक्षण र जगेर्ना गर्न र त्यसलाई समय सापेक्ष परिमार्जन गरी निरन्तरता दिन गुरुकूल, गुम्बा, मदरसा जस्ता संस्था सञ्चालन गरी वालवालिकालाई शिक्षा प्रदान गर्न सक्ने र उपदफा (२) मा त्यसरी शिक्षा प्रदान गर्नका लागि सञ्चालन गरिने गुरुकूल, गुम्बा, मदरसा सम्बन्धित स्थानीय तहमा दर्ता गर्नुपर्ने व्यवस्था छ। यस नगरपालिका क्षेत्र भित्र मदरसा सेराजुल उलुम धार्मिक विद्यालय सञ्चालनमा रहेको अनुदान समेत प्रदान गरेको भएता पनि दर्ता सम्बन्धि अभिलेख र अनुगमन प्रतिवेदन पेश भएन ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३७</td><td>१११</td><td>२०७७-८-२१</td><td>नापी किताब नभएको
कार्यालयले उपभोक्ता समितिसंग सम्झौता गरी काम गरी सकेपछी सम्झौता अनुसारको काम र पुरा गरेको परिमाण सहित नापी किताब र रनिङ बिल तयार गरी प्रमाणित गरेर मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । आदीबासी जनजाती भवन निर्माण कार्यको लागत अनुमान रु१११९३६९।३९ भई आदीबासी जनजाती भवन निर्माण उपभोक्ता समितलाई रु १००७८१० भुक्तानी भएकोमा विस्तृत नापी किताब नभएकोले सो पेश हुनुपर्ने रु</td><td>१,००७,८१०</td></tr>
<tr><td>३८</td><td></td><td></td><td>हेभी इक्विपमेन्टको कार्य
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । कार्यालयले हेभी इक्वीपमेन्टको प्रयोग गर्ने पिच गर्ने लगायतका कार्य उपभोक्ता समिति मार्फत कार्य गराएको पाइयो । अतः उपभोक्ता समिति मार्फत कार्य गराउँदा मेशिनको प्रयोग नहुने कार्यमा मात्र गर्नु पर्दछ । केही उदाहरणहरु
<table>
<tr><th>विवरण</th><th>खर्च</th></tr>
<tr><td>बाबा राइस मिल बुद्ध मार्ग कालोपत्रे निर्माण उपभोक्ता समिति</td><td>२५१०६४३</td></tr>
<tr><td>भानु मार्ग सडक कालोपत्रे निर्माण उपभोक्ता समिति</td><td>५९२०९८</td></tr>
<tr><td>आनन्द मार्ग कालोपत्रे मिलिजुलि मार्ग एजिश्र उपभोक्ता समिति</td><td>९६८५५०</td></tr>
<tr><td>विपुल मार्ग कालोपत्रे सडक निर्माण उपभोक्ता समिति</td><td>१८३२४३२</td></tr>
<tr><td>गोलापरासी उत्तर मोटोबाटो कालोपत्रे उपभोक्ता समिति</td><td>३६५२३७७</td></tr>
<tr><td>प्रणाम मार्ग कालोपत्रे निर्माण उपभोक्ता समिति</td><td>३०५१४५०</td></tr>
<tr><td>जागृति मार्ग कालोपत्रे भण्डारी मार्ग एजिङ उपभोक्ता समिति</td><td>१८३७०२२</td></tr>
</table></td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३९			**जटिल संरचना निर्माण** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ। पालिकाले जटिल प्रकृतिका भवन, कल्भर्ट पुल तथा सडक कालोपत्रे निर्माण आदि उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्रको माध्यमबाट प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ। यसका केही उदाहरणहरु यसप्रकार रहेका छन्:	

उपभोक्ता समिति	कामको विवरण	भुक्तानी रकम
सुन्दरदुलारी खानेपानी उत्तरको सडक कालोपत्रे निर्माण उ.स.	सडक कालोपत्रे	२०९५५१७
रन्तमान मास्केको घर उत्तर वडा नं १२ जोड्ने सडक कालोपत्रे निर्माण उ.स.	सडक कालोपत्रे	२०९६६३२
बुधबारे दक्षिण गोसलाईन क्षेत्र कृषि सडक ढलान तथा कालोपत्रे निर्माण उ.स.	सडक ढलान तथा कालोपत्रे	१०८५६९९
नेवा भवन निर्माण उ.स.	भवन निर्माण	१६८५७९०
मदरसा चोकदेखि वि पि आ वि सम्म सडक कालोपत्रे निर्माण उ.स.	सडक कालोपत्रे	७५४८२५
शिक्षा निकेतन मा वि को पूर्वाधार निर्माण उ.स.	पूर्वाधार निर्माण	१३०२००९
शेषनारायण सामुदायिक भवन निर्माण उ.स.	भवन निर्माण	११४२६४६
साजिलाल मा वि गछिया क्लव भवन निर्माण उ.स.	भवन निर्माण	१३२३०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४०			**उपभोक्ता समिति मार्फत कालोपत्रे कार्य** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समितिबाट निर्माण कार्य गराउदा मितव्ययीता, गुणस्तरीयता वा दिगोपन अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारी सृजना गर्ने भएमा उपभोक्ता समिति मार्फत गराउने उल्लेख छ । त्यस्तै नियम ९७(९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा लोडर, एक्साभेटर, रोलर, डोजर, ग्रईन्डर, बिटुमिन डिस्ट्युविटर, विटुमिन व्वाईलर जस्ता हेभि मेसिनहरु प्रयोग गर्न सकिने छैन तर लागत अनुमान तयार गर्दाको समयमा हेभि मेसिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनि उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमति लिएर त्यस्ता मेसिन प्रयोग गर्न सकिनेछ। हेभी मेशिन प्रयोग हुने जटिल प्रकृतिको काम प्रिमिक्स कालो पत्रे गर्ने गरी विभिन्न उपभोक्ता समिति मार्फत सडकको कार्य गराएको पाइयो । कालोपत्रे कार्य आर्थिक वर्षको अन्त्यमा भएकोले निर्माण कार्यमा पर्याप्त ध्यान नपुगी गुणस्तरमा कमजोर हुने जोखिम रहेको छ । साथै, उपभोक्ता समितिमार्फत काम गराउँदा प्रतिस्पर्धा नभएको कारणबाट मितव्ययी पनि नहुने भएकोले सो सम्बन्धमा कार्यालयको ध्यान जानु पर्दछ । केही उदाहरणहरु	

विवरण	खर्च
बाबा राइस मिल बुद्ध मार्ग कालोपत्रे निर्माण उपभोक्ता समिति	२५१०६४३
भानु मार्ग सडक कालोपत्रे निर्माण उपभोक्ता समिति	५९२०९८
आनन्द मार्ग कालोपत्रे मिलिजुलि मार्ग एजिश्र उपभोक्ता समिति	९६८५५०
विपुल मार्ग कालोपत्रे सडक निर्माण उपभोक्ता समिति	१८३२४३२
गोलापरासी उत्तर मोटोबाटो कालोपत्रे उपभोक्ता समिति	३६५२३७७
प्रणाम मार्ग कालोपत्रे निर्माण उपभोक्ता समिति	३०५१४५०
जागृति मार्ग कालोपत्रे भण्डारी मार्ग एजिङ उपभोक्ता समिति	१८३७०२२

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४१			**उपभोक्ता समिति दर्ता** संस्था दर्ता ऐन, २०३४ दफा ३ अनुसार कुनै पनि संस्था विधान सहित दर्ता नभएमा संस्थालाई कानूनी मान्यता दिन मिल्ने देखिँदैन । सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१२) बमोजिम उपभोक्ता समिति मार्फत निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्ने व्यवस्था छ । कार्यालयले यसवर्ष सम्झौता गरेका कुनैपनि उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुनेगरी दर्ता नभई स्थानीय रुपमा आयोजनाको बजेटको आधारमा अस्थायी समिति गठन हुने र काम सम्पन्न पश्चात मिति विघटन हुने हुँदा निर्माण सम्पन्न योजनाहरु अलपत्र भएमा जिम्मेवार बनाउन कठिनाई हुने भएकोले स्थायी संयन्त्र मार्फत काम गर्ने गरी उपभोक्ता समितिको कार्यमा सुधार हुनुपर्दछ । साथै यस बर्ष उपभोक्ता समितिबाट आयोजना सम्पन्न गरेकोमा कुनै पनि आयोजना नियमावलीको व्यवस्था बमोजिम हस्तान्तरण गरको देखिएन । उपभोक्ता समितिबाट कार्य गराउन लागत अनुमान तयार गर्दा मर्मत संभार कोष वापत रकम व्यवस्था गरी बिल भुक्तानी गर्दा कट्टा गरी कोषमा रकम जम्मा नगरेकोले सम्पन्न आयोजनाको मर्मत, रेखदेख तथा उचित संरक्षण हुन नसकी लगानी खेर जान सक्ने हुँदा मर्मत कोषको कट्टी नगरी योजना सम्पन्न गरेको कानुन सम्मत देखिएन ।	
४२			**उपभोक्ता समिति छनौट** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा एक करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सक्ने र यसका लागि सम्बन्धित काम र सेवाको प्रकृति, परिमाण, लाग्ने रकम, उपभोक्ता समिति वा लाभग्राही समुदायको व्यहोर्ने वा व्यहोर्नु पर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाई सार्वजनिक निकायले सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्न वा त्यस्तो समिति वा समुदाय आफैंले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने व्यवस्था रहेको छ । तर कार्यालयले यस वर्ष उपभोक्ता समितिबाट कार्य गराउँदा संझौता बाहेक संझौता पूर्वका उक्त प्रकृया पालना गरेको कुनै कागजात तथा आधार पेश हुन आएन । यसबाट विकास निर्माण कार्यमा उपभोक्ता समिति छनौटको आधार पारदर्शी र प्रतिस्पर्धात्मक तवरले भएको देखिएन । यसबाट निर्माण कार्यको समय, लागत र गुणस्तरमा असर पर्ने हुँदा उपभोक्ता समिति वा लाभग्राही समूह छनौट गर्दा उक्त नियमावलीको व्यवस्था पालना गरी पारदर्शी र प्रतिस्पर्धात्मक तवरले गरीनु पर्दछ ।	
४३			**निर्माण कार्यको लगत** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (११) मा निर्माण कार्यसम्पन्न गरीसकेपछि सार्वजनिक निकायलाई प्राप्त भएको भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा पालिकाले यस वर्ष सञ्चालन गरेको योजना निर्माण कार्यको लगत अद्यावधिक गरेको देखिएन । पालिकाले गतविगत वर्षदेखि सञ्चालन भएको कार्यक्रमबाट निर्माण गरेको भौतिक संरचनाहरु समेतको लगत राख्ने व्यवस्था गरी निर्माण कार्यको लगत व्यवस्थापन गर्नुपर्ने देखियो ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४४			**उपभोक्ता समिति मार्फत भएको कामको गुणस्तर** सार्वजनिक खरीद नियमावली २०६४ को नियम ९७(६) अनुसार उपभोक्ता समिति मार्फत कार्य गर्दा उपभोक्ता समिति वा समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था गरेको छ तर यस कार्यालयमा उपभोक्ता समितिमार्फत गरीएका कामको बिल भरपाई पेश गरेतापनि कागजात परीक्षण गर्दा प्राविधिक बिलमा भएको परिमाण र उपभोक्ता समितिले खरिद गरेको निर्माण सामग्रीको परिमाण फरक रहेको पाइएकोले निर्धारित नर्म्स अनुसार नै निर्माणकार्य भएको छ भन्ने आश्वास्त हुने अवस्था छैन । आवश्यक परिमाण भन्दा अधिक खरिद तथा न्यून खरिदको अवस्थामा उपभोक्ता समिति मार्फत गरीएको कामको गुणस्तरीय छ भन्ने अवस्था देखिँदैन ।	
४५			**नापी किताव** निर्माण कार्यको विस्तृत अभिलेखांकनका लागि स्वीकृत ढाँचाको नापी किताब म.ले.प.फा.न.५१२ मा उल्लेख गर्नुपर्ने गरी महालेखापरीक्षकबाट स्वीकृत गराई महालेखा नियन्त्रक कार्यालयले लागू गरेको छ । नापी किताब काम तामेल भएको बीस वर्ष पछि मात्र धुल्याउन मिल्ने भनि सरकारी कागजात धुल्याउने नियमावली, २०२७ को अनुसूची ५ को बुँदा नं.३ मा उल्लेख छ । लेखापरीक्षण क्रममा परीक्षण गर्दा लुजसिटलाई नै नापी किताव मान्ने व्यवस्थालाई नियमले छुट दिएको पनि देखिदैन । तसर्थ नापी कितावमा खुलाउनुपर्ने सबै व्यहोरा खुलाई कार्यालय प्रमुखबाट प्रमाणित गरी नापी नियन्त्रण खाता म.ले.प.फा.न. ५१२ मा अभिलेख चढाई नापी किताव प्रयोगमा ल्याउनु पर्दछ ।	
४६			**वडा कार्यालय भवन** वडा कार्यालय भवन ५, ८ र ९ को निर्माण कार्यको लागत अनुमान तयार गर्दा ड्रइङ्ग भन्दा Slab को कार्य 94 ft3 बढी देखिएको Truss Work को Detail Calculation नराखेको र Wall Tile Painting को कार्य गरेको देखाएकोले बढीको लागत अनुमान तयार गरेको छ ।	
४७			**अन्य कार्यालयको निमार्ण खर्च** कार्यालयले पूर्वाञ्चल विश्वविद्यालय भित्र रु.४३७९०४९।४६ को सडक तथा पार्किङ्ग निर्माण गरे वापत रकम खर्च लेखेको छ ।सम्बन्धित निकायको छुट्टै बजेट तथा निकासा हुने अवस्थामा अन्य कार्यालयलको खर्च लेख्नु औचित्यपूर्ण देखिएन ।	
४८			**चरीगुवा कालोपत्रे सडकको स्तरोन्नति** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम, ३९(१०) मा सरकारी रकम खर्च गर्दन खर्च पुष्टी गर्ने विल भरपाई तथा प्रमाण कागजात पेश गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गारई राख्नु पर्ने व्यवस्था छ । ।चरीगुवा कालोपत्रे सडकको स्तरोन्नति-४ को कार्य आरुस विल्डर्स एण्ड निसिले गरेकोमा ल्याव टेष्टको विल समावेश नगरेकोले उक्त रकम असूल गर्नुपर्ने रु	१,५००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४९			**सुकुना खोलाको कल्भर्ट निर्माण** सुकुना खोलाको कल्भर्ट निर्माण कार्य जगदम्बा विपिन निर्माण सेवाले गरेकोमा लागत अनुमान रु २०२००४२ तथा सम्झौता रकम रु ११११०९० रहेकोमा लागत अनुमान गर्दा डण्डीको Wastage १० प्रतिशत देखाएकोले बढी लागत अनुमान तयार गरेकोले सोही अनुसार भुक्तानी हुन सक्ने भएकाले कार्यालयले उक्त भुक्तानी दिन नमिल्ने देखिएको रु	७३,३१५.५
५०			**बजेट विनियोजन** कार्यालयले बजेट विनियोजन गर्दा लागत अनुमान गरेर मात्र आवश्यक बजेट छुट्याउनु पर्नेमा बजेट छुट्याएर मात्र लागत अनुमान तयार गर्ने गरेकोले केही योजनाहरु पुरा नभै अलपत्र परेको पइयो । साथै विगत वर्षमा अधुरो योजना यस वर्ष संचालन गरेकोमा विभिन्न योजनाको खाता नरहेको र डकुमेन्ट पेश नभएकोले विगतमा कति काम भयो एकीन गर्न सकिएन । जसले गर्दा दोहोरो पर्न जान सक्ने देखियो । अतः कार्यालयले दोहोरो परे नपरेको एकीन गर्नु पर्दछ । साथै बजेट विनियोजन गर्दा योजना अधुरो नरहने गरी गर्नु पर्दछ ।	
५१			**दर विश्लेषण** कार्यालयले दर विश्लेषण गर्दा प्रत्येक योजनाको छुट्टाछुट्टै दर विश्लेषण गर्नुपर्नेमा पालिकाको सबै क्षेत्रको एउटै लिड (Lead) राखि विश्लेषण गरेकोले यथार्थ लागत अनुमान तयार गरेको छैन । साथै कुन निकायको नर्मस प्रयोग गरेको हो सो समेत अधिकांश योजनामा खुलाएको छैन । अतः क्वरी साइटको दुरी निर्धारण गरी Transportation को आधारमा दर विश्लेषण गर्नु पर्दछ । साथै कुन निकायको नर्मस प्रयोग गरेको सो खुलाउनु पर्दछ ।	
५२			**पन्चम विद्यालय पश्चिम सडक** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम, ३९(१०) मा सरकारी रकम खर्च गर्दा खर्च पुष्टी गर्ने विल भरपाई तथा प्रमाण कागजात पेश गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गाराई राख्नु पर्ने व्यवस्था छ । पन्चम विद्यालय पश्चिम सडक-१ को कार्य हरी पूर्णीमा कन्स्ट्रक्सनले गरेकोमा ५ वटामात्र ह्युमपाइप खरिद गरेकोमा १२ वटा Laying गरेको पाइएकोले ७ वटा बढी Laying गरेको देखिएकोले असूल गर्नुपर्ने रु	८,४००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजिनक निकायले कुनै पनि खरिद गर्दा तोकिएनुसार लागत अनुमान तयार गरी गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ १(क) मा सोझै खरिद गर्न सकिने रकम सिमा र (१ख) मा एक आर्थिक वर्षमा १(क) मा तोकिएको रकम सिमाबाट खरिद गर्न सकिने प्रकृया सम्बन्धि व्यवस्था छ । मालसमान खरिद गर्दा स्पेशिफिकेशन स्वीकृत गरी मात्र गर्नुपर्ने व्यवस्था रहेकोमा सो अनुसार नगरी सोझै खरिद कार्य गर्ने गरेको सम्बन्धमा नमुना परीक्षण गर्दा नगरपालिकाले तपसिलको खरिद कार्य ऐनमा तोकिएनुसार लागत अनुमान तयार नगरेको, स्पेशिफिकेशन तयार नगरेको, र एकै फर्मबाट एक वर्षमा एक पटक भन्दा बढी सोझै खरिद गरेकोले नियम सम्मत नदेखिएको खर्च रु.	

भौ	मिति	विवरण	रकम	फर्मको नाम
४४	०९/२९/२०७७	पावर स्प्रियर खरिद तथा वितरण	१,८४,९५५	नवराज एग्रो प्रालि
४५	१०/०८/२०७७	पावर स्पीयर खरीद	२,०४,४२५	
४९	१०/२०/२०७७	यान्त्र उपकरण खरिद तथा वितरण	२,१३,१९९	
८३	०१/१४/२०७८	बिधुतिय मोटर बोरिड ८० प्रतिशत अनुदानमा कृर्षकलाइ वितरण भएको सामानको भुक्तानी	१०,४५,४१४	
९९	०२/०६/२०७८	विधुतिय मोटर वोरिड खरिद कार्यक्रम वाट मोटर तथा अन्य सामाग्री खरिदको भुक्तानी	७,१५,२८१	
जम्मा			२३,६३,२७४	
१६	०७/२६/२०७७	फलफुलको विरुवा वितरण कृर्षि प्रबर्ध कार्यक्रम को भुक्तानी	३,९४,०००	दिपेस नर्सरी
५१	१०/२३/२०७७	एकघर एक फलफुल कार्यक्रम कृर्षि को भुक्तानी	३,९२,५२२	
५९	११/०८/२०७७	फलफुल विरुवा को भुक्तानी	२६,५९५	
६२	११/१३/२०७७	फलफुलका विरुवा वितरणमा भएको खर्च भुक्तानी	६,५५०	
८४	०१/१४/२०७८	एकघर एक फलफुल बिरुवा कृर्षकलाइ अनुदानको भुक्तानी	२,९५,१०६	
१३८	०३/२३/२०७८	माता लक्ष्मी एग्रो टेक समेतको फलफुल तथा अन्य सामान खरिदको भुक्तानी	१२,१८९	
जम्मा			११,२६,९६२	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	कुल जम्मा	३४९०२३६		बेरुजु रकम
९८			**नापी किताव, जडान प्रमाणित नभएको** सार्वजनिक खरिद नियमावली, २०६४ को दफा १२३(१) मा सार्वजनिक निकायले खरिद सम्झौताको आधार नापी किताब, रनिङ बिल संलग्न गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ। साथै दफा १२५ अनुसार प्राविधिक कार्यसम्पादन मूल्यांकनका आधारमा भुक्तानी दिनु पर्ने व्यवस्था छ। यस्तो भुक्तानी दिँदा यदि सामान भए सम्बन्धित स्थानहरुमा जडान भए नभएको जडान प्रमाणित र वडाको सिफारिसको आधारमा भुक्तानी दिनुपर्नेमा देहायको भुक्तानीहरुमा नगरपालिकाले सो प्रमाणहरु पेश नगरी भुक्तानी दिएको हुदा प्रमाण पेश हुनुपर्ने रु.				२,४९०,५४८

भौ.नं. र मिति	विवरण	भुक्तानी रकम
१००।०६/१६	शाह जेनेरल सप्लायर्सबाट ३X१X१ ३४० थान रु.१६०४०३५ र २X१X१ १०० थान रु.३२४१९७	१९२८२३२
११६।०६/२९	पूर्वाञ्चल ह्युमपाइप एण्ड कंक्रिट इण्डस्ट्रिजबाट 45mm को ३३ थान रु.३७९४२५।७५ र 60mm को ६ थान रु.८७९७०।२५	४६७३९६
१४९।८।१४	जय श्री कंक्रिट उद्योग प्रालि NP3 75mm ७००० थान रु ५९३२५ र NP3 45mm ४२०० थान रु३५५९५	९४९२०
जम्मा		२४९०५४८

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
९९			**निर्माण व्यवसायीबाट सोझै खरीद** सार्वजनिक खरीद ऐन २०६३ को दफा ६ अनुसार खरीद योजना तयार गरी सार्वजनिक खरीद नियमावलीको नियम ३ ङ अनुसार खरीदलाई बढी सुविधाजनक समुहमा विभाजन गर्ने तथा प्याकेजिङ गरी खरीद गर्नुपर्ने उल्लेख छ । तर पालिकाले नियमावलीको व्यवस्था अनुसार खरीद कार्यको प्याकेज नबनाई देहायबमोजिमका निर्माण कार्यहरु निर्माण व्यवसायीबाट ३ खुला कोटेशन माग गरी लागत अनुमानकै हाराहारीमा सम्झौता गरी देहायबमोजिम भुक्तानी भएको छ । पालिकाबाट ठेक्का व्यवस्थापन भएका योजनामा लागत अनुमानको तुलनामा ४० प्रतिशतसम्म कममा निर्माण कार्यको सम्झौता भएको देखिन्छ । कार्यको प्रकृति अनुसार खरीद प्याकेज बनाई प्रतिस्पर्धाबाट खरीद तथा निर्माण कार्य गराउनुपर्दछ । केही उदाहरणहरु	

भौ नं मिति	कामको विवरण	निर्माण व्यवसायी	लागत अनुमान	भुक्तानी रकम
१०६।६।१८	नपा पुरानो भवन मर्मत	एल एण्ड एम कन्स्ट्रक्सन	४९९८३३।५१	४९८६३०
१०७।६।१८	पुरानो नपा भवन फर्निसिङ	आशा निर्माण सेवा	४९६७३१।२०	४८८४३५
१२२।७।३	हरियाली मार्ग वडा २ ग्राभेल	लिजा निर्माण सेवा	४८८६८४।७१	४८५३८०
२५८।१२।२१	ओमशान्ति मार्ग पेवल्स निर्माण वडा ९	बोधराज कन्स्टक्सन प्रालि	४८५५८६	४७३७५२

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१००			**सफ्वेयर खरिद** कार्यालयमा प्रयोगमा रहेका सफ्टवेयरहरु नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यवस्थापन तथा सन्चालन) निर्देर्शिका, २०७१ को दफा ४ अनुसार सूचना प्रविधि विभागमा अभिलेखिकरण गर्नुपर्ने व्यवस्था छ । सूचना सुरक्षा नीति तयार तथा लागु गरी सूचना चोरी हुनबाट सुरक्षा प्रदान गरिनु पर्दछ। प्रणाली संचालनका लागि आवश्यक न्यूनतम तयारी पुरा गरेको हुनुपर्छ । प्रणाली सञ्चालन सम्बन्धी अधिकार तथा Supper User Right कार्यालयको नियन्त्रणमा रहेको हुनुपर्छ। कार्यालयले एकीकृत सूचना तथा सेवा व्यवस्थापन प्रणाली विकास गर्न नेशनल इन्कुवेसन एण्ड रिसर्च सेन्टर प्रालिसँग मिति २०७६ असोज २ गते रु.९९४०००/- मा सम्झौता गरी गरेको छ । कार्यसम्पन्न भई मिति २०७७।२।२३ मा विल पेश गरेको दखिन्छ । उक्त योजना यस वर्ष सारी भौ नं १०१ मिति २०७७।६।१६ मा भुक्तानी भएको छ । सम्झौताअनुसार प्रणालीको मर्मतसम्भार गर्न प्रत्येक वर्ष करार नवीकरण गर्नुपर्ने र मर्मत खर्च प्रत्येक वर्ष कार्यालयले रु १५०००० भ्याट वाहेक/- रुपैया समेत भुक्तानी गर्नुपर्ने दायित्व सिर्जना गरेको छ। तथ्यांक भण्डारणको लागि server/space तथा cloud समेत कार्यालयले उपलव्ध गराउनु पर्ने व्यवस्था संझौतामा गरेको छ । तर कार्यालयले सूचना प्रविधि विभागमा उक्त प्रणाली अभिलेखिकरण गरेको देखिएन । मर्मतको दीर्घकालिन दायित्व सृजना भएको छ। Supper User Right कार्यालयको नियन्त्रणमा नरही प्रालिकै नियन्त्रणमा रहेको छ। यसले गर्दा प्रणालीमा कार्यलयको कुनै किसिमको नियन्त्रणको अवस्था नरहेकोले सूचनाको सुरक्षा हुने अवस्था देखिदैन । यसरी प्रणालीको सुरक्षा तथा स्वामित्व कायम नहुने र दीर्घकालिन दायित्व सृजना हुने गरिएको नियमसंमत नदेखिएको रु.	९९४,०००

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१०१	३९	२०७८-३-२२	**वीउ पुँजी अनुदान** सुन्दरहरैचा नपा र अभम बहुउद्देश्य सहकारी संस्था लि बिच वीउँ पुँजी अनुदान कोष तथा संचालनका लागि मिति २०७८।३।२२ मा सम्झौता भई रु ६००००० उपलब्ध गराएको छ । अपांग रोकथाम तथा पुनर्स्थापना कार्यक्रम सञ्चालन मार्गदर्शन २०७७ को अनुसूची ५ मा रही वीउ पुँजी संचालन गर्ने र सोको लेखापरीक्षण प्रतिवेदन समेत पेश गर्ने उल्लेख भएकोमा संस्थाले लेखापरिक्षण प्रतिवेदन पेश गरेको छैन । सम्झौता बमोजिमको कार्य भए नभएको र लेखापरीक्षण प्रतिवेदन कार्यालयले माग गरी अनुगमन मुल्याङ्कन गर्नुपर्दछ ।	
१०२	८		**वितरण भरपाई नभएको** आर्थिका कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को दफा ३९ मा विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । स्वास्थ्यकर्मीहरुका लागि खरीद गरिएको ४७ थान नोकिया मोबाइल र ६ थान सामसुङ मोबाइलको वितरण भरपाई पेश गर्नुपर्ने रु	२७७,९९९
१०३			**आन्तरिक लेखापरीक्षण** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । नगरपालिकाले २०७७।७८ को आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण २०७८।७।१६ मा सम्पन्न गरेको प्रतिवेदन पेश भएको छ । आन्तरिक लेखापरीक्षणबाट कायम भएको कैफियतहरु अन्तिम लेखापरीक्षण अगावै सम्परीक्षण गराउनुपर्नेमा लेखापरीक्षण अवधिसम्म सम्परीक्षण र नियमित भई नआएकोले प्रतिवेदनमा समावेश गरिएको छ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१०३.१			**प्रमाण कागजात पेश गर्नुपर्नेः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी कार्यालयले रकम खर्च गर्दा खर्च पुष्टि गर्ने विल भरपाई संलग्न गरी अधिकर प्राप्त अधिकारीद्धारा स्वीकृत गराई राख्नु पर्ने व्यवस्था छ । देहायको कार्य गरी भुक्तानी आवश्यक कागजात पेश गर्नुपर्नेमा नगरेकोले कागजात पेश हुनुपर्ने रु	८५१,५४७
१०३.२			**नियमित गर्नुपर्नेः** पालिकाले कुनै पनि खर्च लेख्दा कार्यविधि भित्र रहेर खर्च गर्नुपर्नेमा कार्यविधि विना खर्च गरेको देहायको खर्च नियमसम्मत नदेखिएको रु	१८०,०००

१०३.१ को विवरण:

भौचर नं	भुक्तानी पाउने व्यक्ती/संस्था	रकम	कैफियत
४५०-०७८।३।१६	लाईट विल्डर्स प्रा लि	१०३१३	मितेरी पुल कल्भर्टको प्रथम रनिङ्ग बलि भुक्तानी गर्दा बीमाको सक्कल विजक पेश नभएको
४८२-०७८।३।२१	पाथिभारा मन्दिर पूर्वाधार उ.स. वडा नं ११	८०००६	मन्दिर निर्माणको कार्य गर्दा लागत अनुमानमा नभएको कार्य गरेकोमा सम्पन्न प्रतिवेदन पेश नभएको
११०४-०७८।३।२४	जनचर्चा टाइम्स	४३८५००	१२० वटा डस्विन खरिद भएकोमा वितरणको भरपाइ पेश नभएको
११४६-०७८।३।२९	घुमघाम मिडिया प्रा लि	३२२७२८	विभिन्न ठाउँमा होडिङ्गबोर्ड राखेकोमा सोको अनुगमन प्रतिवेदन पेश नभएको
जम्मा		८५१५४७	

१०३.२ को विवरण:

भौचर नं	भुक्तानी पाउने व्यक्ती/संस्था	रकम	कैफियत
१००८-०७८।३।१६	डाइनामिक करियर सपोट इन्टरनेश्नल प्रा लि	९००००	नगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुलाई मनोशक्ती तालिम
९१-०७८।१।२३	कृषि प्राविधिक सुदिप भण्डारी	९००००	कृषि चुन खरिद तथा ढुवानीको पेश्की छ्यौट गर्दा ढुवानी खर्चमा फरक पारी भुक्तानी रेको
जम्मा		१८००००	

क्रम	भौचर नम्बर	भौचर मिति	विषय	बेरुजु रकम
१०३.३			**असूल गर्नुपर्नेः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी कार्यालयले रकम खर्च गर्दा खर्च पुष्टि गर्ने विल भरपाई संलग्न गरी अधिकर प्राप्त अधिकारीद्धारा स्वीकृत गराई राख्नु पर्ने व्यवस्था छ । देहायको खर्च भुक्तानी गर्दा भुक्तानी गर्नु नपर्ने खर्च समेत भुक्तानी भएकोले असुल गर्नुपर्ने रु	१६७,१५४

भौचर नं	भुक्तानी पाउने व्यक्ती/संस्था	रकम	कैफियत
१०६-०७७।६।१८	एल एण्ड एम कन्स्ट्रक्सन	३१२६	एल एण्ड एम कन्स्ट्रक्सनलाई पुरानो भवन मर्मत कार्यको भुक्तानी गर्दा कार्यसम्पन्न भन्दा बढी भुक्तानी
१०७-०७७।६।१८	आशा निर्माण सेवा	५१५१	पुरानो भवनको फिनिसिङ्ग कार्य गर्दा सम्झौता भन्दा बढी भुक्तानी
१०८-०७७।६।१८	लक्की कन्स्ट्रक्सन	६८०९	दुलारी व्यावसायिक भवनको रङ्गरोकन कार्य गर्दा सम्झौता भन्दा बढी भुक्तानी
१९४-०७७।१०।८	गोकुल भट्टराईको घरदेखि बाबुराम कार्कीको घरसम्म कालोपत्रे सडम वडा नं ५ उ.स.	७७६०	उ.स. कार्य गरेकोमा भुक्तानी गर्दा अनुपातिक कट्टी नगरी भुक्तानी गरेको
५७०-०७८।३।२८	नयाँ बृन्दाबन गौशाला स्नानघाट उत्तर तटबन्ध उ.स.	४४०४	उ.स. कार्य गरेकोमा भुक्तानी गर्दा अनुपातिक कट्टी नगरी भुक्तानी गरेको
९१९-०७८।३।२	स्वस्तिक नेटमाइन्डस प्रा लि	२०३१०	प्रा लिलाई रु ७९१०० भुक्तानी गर्नुपर्नेमा रु९९४४० भएकोले बढी भुक्तानी गरेको
८७-०७७।१२।२७	भिम चौधरी	१०५०	महिला स्वास्थ्य स्वयंसेविका दिवश कार्यक्रमको खर्च भुक्तानी गर्दा बढी भुक्तानी गरेको
१४-०७७।६।१३	हरिपूर्णिमा कन्स्ट्रक्सन	८५६०	वडा नं ८ को पिताम्बर दाहालको घर दक्षिण जाने सडक ग्राभेल गर्ने कार्य गर्दा बढी भुक्तानी भएको
	राकेश रोशन	७२६९	वार्षिक तलबमा पारिश्रमिक कर कट्टी नगरेको
	मचिन्द्र बस्नेत	३१४७७	वार्षिक तलबमा पारिश्रमिक कर कट्टी नगरेको

https://nams.oag.gov.np

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय				बेरुजु रकम
				डा सुनिल तात्य	४६६३	वार्षिक तलबमा पारिश्रमिक कर कट्टी नगरेको	
				नेत्र बहादुर बस्नेत	११३९५	वार्षिक तलबमा पारिश्रमिक कर कट्टी नगरेको	
				मोहन देब सिंह	२८६९	वार्षिक तलबमा पारिश्रमिक कर कट्टी नगरेको	
				बाबुराम आर्चाय	८९३७	वार्षिक तलबमा पारिश्रमिक कर कट्टी नगरेको	
				अनिल बर्देवा	३३६८	वार्षिक तलबमा पारिश्रमिक कर कट्टी नगरेको	
				सिता देवि कार्की	७९१८	वार्षिक तलबमा पारिश्रमिक कर कट्टी नगरेको	
				इन्दिरा कट्टेल	३७६१	वार्षिक तलबमा पारिश्रमिक कर कट्टी नगरेको	
				माधन प्रसाद रेग्मी	१९७५५	वार्षिक तलबमा पारिश्रमिक कर कट्टी नगरेको	
				सुवास कार्की	८५७२	वार्षिक तलबमा पारिश्रमिक कर कट्टी नगरेको	
			जम्मा		१६७१५४		
१०४			**कानून निर्माण एवं कार्यान्वयन**				
१०४.१			कानून निर्माणः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनु पर्दछ । यस पालिकाले हालसम्म ९ ऐन, २३ नियमावली/कार्यविधि/निर्देशिका/नर्म्स कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्वयनमा ल्याएको छ ।				

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१०४.२			स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत वर्ष फछ्यौंट वा कारवाही किनारा गरी टुङ्गो लगाउन बाँकी ६ र यो वर्ष थप भएको ५४ गरी कुल ६० विवाद दर्ता भएकोमा ४८ वटा मात्र फछ्र्यौट भई १२ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारवाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।	
१०५			**सम्पत्ति हस्तान्तरण** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ। यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा नगरपालिकाले वडागत समेत सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सार्ने गरेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ ।	
१०६			**जग्गा उपयोग मापदण्ड** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू-जोखिम सम्वेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधिनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था छ । यस पालिकाले जग्गाको उपयोग सम्बन्धी मापदण्ड बनाई लागू गरेको देखिएन । स्थानीय तहले आफ्नो सबै क्षेत्र वा कुनै क्षेत्र तोकी त्यस्तो क्षेत्रमा बन्ने भवनहरुको लागि जग्गा तथा भवनको प्रकृति, समान ढाँचाको नमूना नक्सा तयार गर्न र सेवाग्राहीको लागि आफ्ना प्राविधिक कर्मचारीबाट नक्सा तयार गराई निःशुल्क उपलब्ध गराउने व्यवस्था रहेकोमा कार्यान्वयन भएको देखिएन । जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोकी जग्गा तथा भवनको प्रकृतिबमोजिम नक्सा तयार तथा स्वीकृतिको व्यवस्था अपनाउनु पर्दछ ।	
१०७			**आन्तरिक नियन्त्रण प्रणाली** आन्तरिक नियन्त्रण प्रणालीः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपसिल वमोजिम रहेका छन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन । • पालिकाले २०७७।७८ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन । • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रन्सफर गर्नुपर्नमा आर्थिक वर्ष समाप्त भए पश्चात् पनि विभाज्यकोषमा रु. १३८९०८१४ मौज्दात रहेको पाईयो ।	

क्रम	भौचर नम्बर	भौचर मिति	विषय	बेरुजु रकम
			• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन। • राजस्व संकलन सम्बन्धमा सुचना प्रविधिको प्रयोग गरी सबै कारोवार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन । • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत, विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन । • स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाव्य आयोजनाको बैंक खडा गरेको देखिएन । • दिगो विकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन । • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन । • कतिपय जिन्सी सामग्रीको स्पेसिफिकेशन तथा मूल्य खुलाई आम्दानी बाँधेको पाइएन । • जिन्सी खाता प्रमाणित नभएको । • Public Assets Management System मा जिन्सी खाता राखि बध्यावधिक गरेको छैन । • मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्त्यमा मात्र दिएको तथा इ-टीडिएस नगरेको पाइयो । • कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । • सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन । • स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको आंशिक गुणस्तर परीक्षण मात्र गरेको छ । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली बनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन । • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
			• वातावरण संरक्षणको एकिकृत दीर्घकालीन योजना तयार गरेको पाइएन । शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला व्यवस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको पाईएन । • सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन । • निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म बनाएको ऐन, नियमावली, कार्यविधि निर्देशिका र नर्म्स समेत विवरण पेश भएन । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
१०८			**विद्यूतीय प्रणाली सञ्चाल** कार्यालयले सम्पादन गर्नुपर्ने विभिन्न कार्यहरु विद्यूतीय प्रणालीबाट सम्पादन गर्ने गरी सफ्टवेयरहरु सञ्चालनमा ल्याएको छ । ती सफ्टवेयरहरुको प्रयोगकर्ताहरुको विवरण, पासवर्ड परिवर्तन, स्थगत तथा डाटा व्याकअप सम्बन्धी अभिलेख मलेप फाराम नं ९०१, ९०२ र ९०३ को ढाँचामा राखी विद्यूतीय सुरक्षा सम्बन्धी व्यवस्था कार्यान्वयनमा ल्याउन पर्नेमा त्यस्तो अभिलेख राख्ने गरेको छैन । कुन कुन सफ्टवेयर क-कसले सञ्चालन गर्ने गरेका छन् । आधिकारिक रुपमा क-कसलाई सञ्चालनको अनुमति दिइएको छ, डाटा व्याकअपको अवस्था के कस्तो छ भन्ने विषयमा कार्यालयको ध्यान जान सकेको देखिएन । यसबाट अनधिकृत व्यक्तिको प्रणालीमा पहुँच हुन सक्ने, तथ्यांकमा भएका परिवर्तको जिम्मेवारी को सँग हुने भन्ने किटान नहुने एवं व्याकप नियमित रुपमा गर्ने र प्रमाणित गर्ने व्यवस्था नभएबाट तथ्यांक हराउने वा सच्याउन सकिने जस्ता जोखिम रहेको देखिन्छ । अत: विद्यूतीय तथ्यांकको सुरक्षा सम्बन्धमा भएका व्यवस्थाको पालना गर्नुपर्दछ ।	
१०९			**बेरुजू लगत** पालिकाले महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण भई प्राप्त बेरुजू प्रतिवेदनको अभिलेख देहायको मलेप फाराममा राख्नु पर्ने व्यवस्था भएकोमा राखेको नपाइएकोले आगामी दिनमा तोकिएको मलेप फारममा बेरुजू अभिलेख राखि अध्यावधिक गर्नु पर्दछ । • म.ले.प. फाराम नं. ८०१ बेरुजु लगत । • म.ले.प. फाराम नं. ८०२ बेरुजुको कार्यालयगत प्रतिवेदन । • म.ले.प. फाराम नं. ८०५ सम्परीक्षण गोश्वारा अभिलेख ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
११०			**भ्रमण अभिलेख खाता** भ्रमण खर्च नियमावली २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले भ्रम¬ण आदेश नम्बर, भ्रमणमा खटिने नाम, दर्जा, भ्रमणमा खटिउको स्थान मिति समेत खुल्ने गरी अनुसूची ६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष भ्रमण खर्चमा रु.१०,९४,११०/- खर्च गरेकोमा भ्रमण खर्च अभिलेख खाता राखेको पाइएन । नियमावलीको पालना गर्नुपर्दछ ।	
१११			**धरौटी विवरण** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ६६ (२) मा उपनियम (१) बमोजिम धरौटी रकम फिर्ता पाउने व्यक्तिले धरौटी रकम फिर्ता लिन पाउने म्याद प्रचलित कानूनले तोकेको भएमा सोही अवधिभित्र म्याद नतोकिएकोमा जुन कामको लागि धरौटी राखिएको हो सो कामसम्बन्धि कारवाही अन्तिम रुपमा समाप्त भएको मितिले एक वर्षभित्र धरौटी रकम फिर्ता लिन नआएमा नियम ६७ बमोजिमको कार्यविधि अपनाई कार्यालय प्रमुखले राजश्वमा आम्दानी बांध्नु पर्ने व्यवस्था छ । कार्यालयको आ.व. ७७/७८ सम्म धरौटी खातामा मौज्दात रहेको रु. १,५४,०६,१७५.३७ जिम्मेवारी सारेकोमा प्रयोजन सकिएको धरौटी रकम नियमावली अनुसार सदरस्याहा गर्नुपर्दछ ।	
११२			**बजेट तथा कार्यक्रम**	
११२.१			**अबण्डा बजेट** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय पूँजिगत तर्फ समपुरक शिर्षकमा रु.३२१२९१५१ अबण्डामा राखेको छ । बजेट अबण्डामा राखी खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।	
११२.२			**रकमान्तरः** आर्थिक वर्ष ०७७।७८ का लागि स्वीकृत भएको योजना तथा कार्यक्रममा विभिन्न कोष तथा योजना तर्फ स्वीकृत रु.९,५७,४०,२०४ रकम बराबरको ३७३ योजनालाई घटाई गरी नयाँ तथा भएका योजनामा रकम थप योजना रु.३७,३४,२७,९५८ रकम बराबरको २२७ योजना/कार्यक्रम कार्यापालिकाको पटक पटकको निर्णयले नयाँ योजना कार्यान्वयन वा भएका योजनामा थपघट गरी सभामा सिफारिस भई नगरसभाको हिउँदे बैठकले स्वीकृत गरेको देखियो । योजना छनौट गर्दा पर्याप्त अध्ययन नगरी योजना छनौट गर्ने र कार्यान्वयनको क्रममा नयाँ योजना छनौट गर्ने बजेट थपघट गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
११२.३			**बजेट सीमा निर्धारण समितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था रहेको छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले उक्त समितिको गठन गरेको छ । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।	
११२.४			**बजेट तथा कार्यक्रम तर्जुमाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था व्यवस्था मिलाउनु पर्ने उल्लेख छ । कार्यालयले सोअनुसार बजेट तर्जुमा गरेको पाइएन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
११२.५			**क्षेत्रगत बजेट र खर्च-** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।	

मुख्य क्षेत्र	वार्षिक वजेट	खर्च रकम	खर्च प्रतिशत
आर्थिक विकास	६,१९,९०,०२०	४,३२,३६,९५२	६९.७५
सामाजिक क्षेत्र	४२,२०,२८,६२०	३५,४६,५३,७३२.९०	८४.०४
पूर्वाधार विकास क्षेत्र	७६,२०,६०,७८२	४५,५१,८४,१७२	५९.७३
सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	१६,५६,१०,६८९.८८	१३,९९,२५,८८७.४०	८४.४९
कार्यालय सञ्चालन तथा प्रशासनिक	२३,२४,००,२८०	१२,५७,७५,५३५.५४	५४.१२
जम्मा	१,६४,४०,९०,३९१.८८	१,११,८७,७६,२७९.८४	६८.०४

खर्च बिश्लेषणः पालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रु.९,६८,६०,०४०.३९, जनसहभागिता रु. ८०,८५,७१०.६५ राजस्व बाँडफाँड रु.२२,११,२२,१३४.५४ र अनुदानबाट रु.६५६०६७०९६ समेत रु९८,२१,३४,९८१.५८ आम्दानी भएकोमा चालु तर्फ रु.५५,७२,२२,२२१.३० र पूँजिगत तर्फ रु.५६,१५,५४,०५८.५४/- र समेत रु.१,११,८७,७६,२७९.८४ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ८.६६ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु.१४०५१५६३/- खर्च भएको छ । यसबाट पालिकाहरुले विकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
११२.६			**चौमासिक प्रगति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(३) मा प्रमुख प्रशासकीय अधिकृतले नगरपालिकाको कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको पन्ध्र दिन भित्र कार्यपालिकाको वैठकमा पेश गर्नु पर्ने व्यवस्था छ । त्यस्तै उपदफा (५) मा नगरपालिकाले स्थानीय सञ्चित कोषमा जम्मा भएको आय व्ययको चौमासिक शीर्षकगत विवरण तयार गरी सङ्घीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनु पर्ने व्यवस्था छ । कार्यालयले चौमासिक अवधि समाप्त भएपछी कानूनमा व्यवस्था भए बमोजिम प्रगति विवरण तयार गरी सम्बन्धित निकायमा पठाएको देखिएन ।	
११३			**शिक्षा**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
११३.१			**विद्यालयगत निकासा -** अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनीय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनुपर्ने उल्लेख छ । कार्यालयले तोकिएको ढाँचामा विभिन्न विद्यालयलाई निकासा दिएको रकमको स्पष्ट विवरण खुल्ने गरी अभिलेख राख्नु पर्नेमा यथार्थ विवरण खुल्ने गरी विद्यालयगत निकासा अभिलेख राखेको छैन । जसबाट विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको रकम बारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकाले विद्यालयगत निकासा खाता अद्यावधिक गरी राख्नु पर्दछ ।	
११३.२			**सामुदायीक विद्यालयको शैक्षिक गुणस्तर-** स्थानीय सरकार सञ्चालन ऐन,2074 को दफा ११ (ज) अनुसार सम्बन्धित स्थानीय निकायले सामुदायीक विद्यालयहरुको शैक्षिक गुणस्तर स्थितीको नियमित अनुगमन गरी एक प्रति प्रतिबेदन शिक्षा तथा मानवस्रोत केन्द्रमा पठाउने र सोको कार्यान्यिन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने ब्यवस्था छ । नगरपालिकाले आ. व. २०७७।७८ मा विद्यालयहरुको शैक्षिक गुणस्तरको अनुगमन गरेको प्रतिबेदन कार्यालयसंग देखिएन । नगरपालिकाले आफ्नो अन्तरगतका विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिनु पर्ने देखिन्छ ।	
११३.३			**निजि विद्यालय व्यवस्थापनः** पालिका अन्तर्गतका सामाजिक विकास समिति र नगर शिक्षा समितिले शिक्षा व्यवस्थापन सम्बन्धी नीतिगत कामहरु गर्ने गरेको छ । यी समितिहरुले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको छैन । मापदण्ड तयार नगरेकोले कुनै पनि किसिमको अनुगमन हुन नसकेको र निजि विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड तथा शुल्क निर्धारण भएको देखिएन । निजि विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड तथा शुल्क निर्धारण गरी नियमित अनुगमन र त्यसको कार्यान्वियन हुनुपर्दछ ।	
११३.४			**बिद्यालयको नियमनः** स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२) मा सर्वसामान्यतामा असर नपर्ने गरी गाउँपालिका र नगरपालिकाको काम कर्तब्य अधिकारको खण्ड(ज) (२१) मा सामुदायिक बिद्यालयलाई दिने अनुदान तथा सो को बजेट ब्यबस्थापन, बिद्यालयको आय ब्ययको लेखा अनुशासन कायम र नियमन गर्नुपर्ने ब्यबस्था छ । पालिकाले यस स्थानिय तह अन्तर्गतका समुदायिक बिद्यालयले बिद्यालय लेखा दिग्दर्शन बमोजिम नगदी तथा जिन्सीको लेखा राखे नराखेको, कट्टी गरेको कर राजश्व खातामा दाखिला गरेनगरेको, कट्टी गरेको नागरिक लगानी कोष, कर्मचारी सञ्चयकोष सम्बन्धित खातामा दाखिला भए नभएको, विद्यालय लेखापरीक्षणबाट देखीएको बेरुजु फछ्यौट गरे नगरेको र नेपाल सरकारको २०७५।३।३२ को निर्णय बमोजिम बिद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारी पारीश्रमिक सुबिधा अनिबार्य रुपमा बैक खाता मार्फत भुक्तानी भए नभएको नियमन गरी प्रतिवेदन गरेको देखिएन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
११३.५			कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८ मा भौतिक निर्माण सुधार कार्यक्रम सञ्चालन गर्न स्थानीय तहस्थित सम्पुर्ण विद्यालयहरुको अनुसूची ५ मा उल्लेखित मापदण्डका आधारमा भौतिक सर्वेक्षण गरी आवश्यक्ताको आधारमा प्राथमिकताक्रम निर्धारण गरी सुचकाङ्क सहितको विवरण तयार गर्नुपर्ने उल्लेख छ । पालिकाले सोही व्यवस्था बमोजिम प्राथमिकताक्रमका आधारमा विद्यालय छनौट गरेको पाइएन। त्यस्तै, विद्यालय कार्यक्रम कार्यान्वयन पुस्तिका २०७७।७८, कार्यक्रम कार्यान्वयन सम्बन्धी मार्गदर्शन (बुँदा नं. १८ ठ) अनुसार स्थानीय तहले विद्यालयहरुमा जाने सबै प्रकारका अनुदानहरुलाई व्यवस्थित गर्न र शिक्षामा हुने लगानी प्रभावकारी बनाउन आफ्नो तहको संयन्त्रमा अनुदान व्यवस्थापन युनिट निर्माण गरी अनुदानको निकासा गर्ने व्यवस्था गरेकोमा सो अनुसार कार्य गरेको पाइएन । कार्यालय आफूले दिएको अनुदानको उपयोगको सुनिश्चितताको लागि अनुगमनको व्यवस्था गर्नुपर्दछ ।	
११४			**खाना तथा विविध खर्च** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा निर्धारित बजेट एवं आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष नगरपालिका चालु शिर्षकबाट खाना तथा विविधतर्फ मात्र रु.३००००००/– खर्च गरेको छ । यस्तो खर्च लेख्दा पुष्ठाई गर्ने आवश्यक कागजात संलग्न गरी ऐनको पालना गरी खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ ।	
११५			**आर्थिक सहायता** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । पालिकाले अन्य सामाजिक सहायता शीर्षकबाट औषधी उपचार तथा आर्थिक सहायता प्रयोजनको लागि यो वर्ष विभिन्न व्यक्तिहरुलाई रु. १२९५०००, अन्य सामाजिक सहायता शीर्षकबाट विभिन्न व्यक्तिहरुलाई रु २८२००० गरी जम्मा रु १५७७००० तरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ ।	
११६			**पेश्की बाँकी**	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>११६.१</td><td></td><td></td><td>म्याद ननाघेको पेश्कीः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ (३) मा कार्यालयले प्रचलित कानून बमोजिम दिएको पेश्कीको म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राख्नुपर्ने तथा केन्द्रिय निकायले सो को एकीकृत लगत बनाई महालेखा नियन्त्रक कार्यालय र महालेखा परीक्षकको कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट प्राप्त पेश्की बाँकीको विवरण अनुसार म्याद ननाघेको निम्नबमोजिम पेश्की नियमानुसार फछ्र्यौट हुनुपर्दछ ।
<table>
<tr><th>पेश्की लिनेको नाम</th><th>पेश्की दिएको मिति</th><th>पेश्की रकम</th><th>पेश्की विवरण</th></tr>
<tr><td>शशिधर निर्माण सेवा एण्ड कट्टेल सप्लार्स</td><td>०२/२१/२०७८</td><td>३,७३,०००</td><td>२.७.२२.१०२ आधारभुत स्वास्थ्य सेवा केन्द्रको भवन निर्माण भुक्तानी</td></tr>
<tr><td>शशिधर निर्माण सेवा एण्ड कट्टेल सप्लार्स</td><td>०२/२१/२०७८</td><td>८,७४,०००</td><td>गैर आवासीय भवन निर्माण/खरिद प्रशासनिक वडा नं. ५, ९ र ११</td></tr>
<tr><td>पुष्पाञ्जली कन्स्ट्रक्सन प्रा. लि.</td><td>०२/२५/२०७८</td><td>१४,६०,०००</td><td>११.४.२.३१ गोठगाउ चोकदेखि बिश्वबिद्यालय चौक जाने बाटो सुन्दरहरैचा ७</td></tr>
<tr><td>पुष्पाञ्जली कन्स्ट्रक्सन प्रा. लि.</td><td>०२/२७/२०७८</td><td>१४,६०,०००</td><td>११.४.२.३१ गोठगाउ चोकदेखि बिश्वबिद्यालय चौक जाने बाटो सुन्दरहरैचा ७</td></tr>
<tr><td>गोविन्द निर्माण सेवा</td><td>०३/०१/२०७८</td><td>४,२१,०००</td><td>भुल्केमार्ग सडक कालोपत्रे</td></tr>
<tr><td>गोविन्द निर्माण सेवा</td><td>०३/०१/२०७८</td><td>२,५३,०००</td><td>वडा नं. १० को सिमाना देखि आदर्शचौक सम्म</td></tr>
<tr><td>बीर निर्माण सेवा</td><td>०३/१०/२०७८</td><td>८,८६,०००</td><td>११.४.२.३० कराईवना साधुटोल हुँदै हरैचा जोडने सडक सुन्दरहरैचा वडा नं. १ र २</td></tr>
</table></td><td></td></tr>
<tr><td>११६.२</td><td></td><td></td><td>म्याद नाघेको पेश्कीः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ (३) मा कार्यालयले प्रचलित कानून बमोजिम दिएको पेश्कीको म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राख्नुपर्ने तथा केन्द्रिय निकायले सो को एकीकृत लगत बनाई महालेखा नियन्त्रक कार्यालय र महालेखा परीक्षकको कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयका कर्मचारी भिम कुमार चौधरीको आकस्मिक उपचार सहयोग कार्यक्रम (मुट्ट, मृगौला, क्यान्सर, स्पाइनल इन्जुरी र हेड इन्जुरी) कार्यक्रमका लागि रु २००००० पेश्की बाँकी देखिएकोले नियमानुसार फछ्र्यौट हुनुपर्ने रु</td><td>२००,०००</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
११७			**नाफामूलक संस्थालाई अनुदान** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन ।यदि उपलब्ध गराउने हो भने पनि सार्वजनिक रुपमा निशुल्क वा न्युन शुल्कमा सेवा उपलब्ध गराउने सुनिश्चित हुनुपर्दछ । यस स्थानीय तहले यो वर्ष देहाय अनुसारका 8 नाफामूलक संस्थालाई रु. १०९०६१५/- अनुदान उपलब्ध गराएको छ । तर त्यसबाट उपरोक्त बमोजिम सेवा प्रबाह हुने सुनिश्चित छैन । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।	

सि.नं.	अनुदान पाउने संस्थाको नाम	संख्या	प्रयोजन	अनुदान रकम
1	सुरक्षा सामाजिक उद्यमी महिला सहकारी संस्था लि.	1	चिलिम भ्याट	१,४६,००४
2	पञ्चायन दुग्ध उत्पादक सहकारी संस्था लि	1	चिलिम भ्याट	४८,६०६
३	दुध डेरी (व्यक्तिगत)	3	चिलिम भ्याट	७४६००५
४	व्यक्तिगत कृषि फार्महरु	३	बोयर बोका	१,५०,०००
जम्मा				१०९०६१५

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
११८			**अनुदानको अनुगमन** सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले स्वास्थ्य कृषि, पशु, शैक्षिक सेवा, विभिन्न सहकारी संस्थालाई पावर स्पेयर, विद्युतिय मोटर बोरिङ मकै तोरी अनुदानमा रु.३६४५८७२/- रकम उपलब्ध गराएको छ । तर पालिकाबाट वितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सो बाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी बनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
११९			**विभाज्य कोष फिर्ता** प्रदेशहरुको आन्तरिक आय व्यावस्थापन गर्न बनेको कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५ को दफा १५ मा ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर बहत्तर शुल्क मनोरञ्जन कर लागतका शुल्क तथा करको सङ्कलनबाट उठेको शुल्क मध्ये साठी प्रतिशतले हुने रकम स्थानीयतहले स्थानीय सञ्चित कोषमा राखी चालिस प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यष वर्ष दहत्तर बहत्तर शुल्क रु ३४७२७०३६ संकलन गरेकोमा प्रदेश संचित कोषमा चालिस प्रतिशत फिर्ता गर्नुपर्ने रु	१३,८९०,८१४
१२०			**कर्मचारी करार** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरवन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरवन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा 49 जना कर्मचारीहरु करारमा राखी रु. ७४१५३५० खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) बमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रिसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न पदमा १९ जना करार नियुक्ति गरी बर्षभरीमा भुक्तानी गरेकोले अनियमित देखिएको रु.	७,४१५,३५०
१२१			**खरिद व्यवस्थापन**	
१२१.१			**सवारीसाधन खरिद** – अर्थ मन्त्रालयवाट जारी स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ मा नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले २ थान दुई पांग्रे सवारी साधन, रु.४८८७९९- खर्च गरेको छ । निर्देशिकामा उल्लेखित व्यवस्थाको पालना हुनुपर्दछ ।	
१२१.२			**कार्य सम्पन्न प्रतिवेदन र एजविल्ट नक्साः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ अनुसार निर्माण व्यवसायीले निर्माण कार्य सम्पन्न भएको ३० दिन भित्र सम्बन्धित निर्माण व्यसायीले निर्माण भए बमोजिमको एजविल्ट नक्सा पेश गर्नु पर्ने, निर्माण कार्यको त्रुटी सच्चाउने दायित्वको अवधि समाप्त नहुँदै कुनै त्रुटी देखिएमा यकिन गरी दावी गर्दा कार्यालयले प्रत्येक महिनाको कार्य प्रगति देखिने गरी अभिलेख तयार गरी प्रमाणित गरेर राख्नु पर्ने र त्रुटी सच्चाउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था छ । तर निर्माण व्यवसायीहरुले पुल निर्माण कार्य बाहेक सडक निर्माण कार्यहरुको एजविल्ट नक्सा कार्यालयमा पेश गर्ने गरेका छैनन । त्यस्तै कार्यालयले त्रुटी सच्चाउने पर्ने दायित्व सम्बन्धी अभिलेख राखेको छैन र त्यस्तै त्रुटी सच्चाउने अवधि समाप्त नहुँदै सबै निर्माण कार्यको कार्य सम्पन्न प्रतवेदन तयार गरेको देखियो । त्रुटी सच्चाउने अवधि समाप्त नहुँदै कार्य सम्पन्न प्रतिवेदन जारी गरेकोले निर्माण व्यवसायीले त्रुटी सम्बन्धी दायित्वबाट उन्मुक्ती पाउन सक्ने अवस्था देखिएको छ । अतः नियमानुसार सबै निर्माण कार्यको एजविल्ट नक्सा जारी गर्ने, कार्य स्वीकार्दा कार्यस्वीकार प्रतिवेदन तयार गर्ने र त्रुटी सच्चाउने अवधि समाप्त भए पश्चात मात्र कार्य सम्पन्न प्रतिवेदन तयार गरी निर्माण कार्य सम्पन्न गराउने कार्यलाई प्रभावकारी बनाउनु पर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१२१.३			**निमार्ण सामाग्रीको गुणस्तर परीक्षणः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९ (२) मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षण समेत छुट्टै आईटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने र नियम ११ (१) मा गुणस्तर परीक्षण गर्ने व्यवस्था छ । उपभोक्ता मार्फत गराएको निर्माण कार्यको लागत अनुमानमा गुणस्तर परीक्षण आईटम समावेश नगरीएको, ठेक्काद्धारा गरिने निर्माण कार्यको लागत अनुमानमा गुणस्तर परीक्षणको आईटम समावेश गरिएकोमा खर्च दावी नभएको र उपभोक्ता मार्फत वा निर्माण व्यवसायी मार्फत हुने निर्माण कार्यमा प्रयोग भएका निर्माण सामाग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण हुने गरेको देखिएन । निर्माण कार्यको परिमाण सुचीमा गुणस्तर परीक्षणको रकम समावेश नभएको देखिन्छ । गुणस्तर परीक्षण नहुँदा निर्माण कार्य गुणस्तरीय भएको सुनिश्चत हुन नसक्ने देखिन्छ । निर्माण कार्यमा प्रयोग हुने निर्माण समाग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण गरी निर्माण गुणस्तरीय भएको सुनिश्चत हुनुपर्दछ ।	
१२१.४			**सार्वजनिक परिक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी,दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्र्तगत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । विभिन्न सडक, भवन, सिचाई, खानेपानी तथा कृषि विकास र पशु विकास सेवा तर्फको कार्यक्रमको सार्वजनिक सुनवाई गरेको जनाए तापनि सार्वजानिक सुनुवाईको ढाँचा अनुरुप गरेको पाईएन ।कतिपयमा वजेट खर्च उल्लेख गरेको देखिदैन । केहिमा सार्वजनिक सुनुवाईको लागी तोकिएको फारम भर्ने गरेता पनि सरोकारवालाको न्यून उपस्थिती रहने गरेको, फाइलमा राख्ने प्रयोजनको लागी मात्र फारम भरेर राख्ने गरेको अवस्था बिद्यमान रहेको देखियो । त्यसैले सार्वजानिक सुनुवाईको विश्वसनीयता देखिदैन । कानूनको पालना गरी उत्तरदायित्व एवं पारदर्शिताको प्रवर्द्धन गर्नुपर्दछ ।	
१२२			**वित्तीय विवरण परीक्षण**	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१२२.१</td><td></td><td></td><td>वित्तीय विवरणः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा नगरपालिका तथा गाउँपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिएअनुसार नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्
स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।
स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेको छैन । जसबाट स्थानीय तहको संचित कोषको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात रु ६४२१५९८७।८८ ले फरक देखिएको छ ।
स्थानीय तहले विभाज्य कोषको हिसाब व्यवस्थित राखेको पाईएन । यस तहले प्रदेशलाई बाँडफाँड गर्नुपर्ने राजस्व बाँडफाँड नगरी रु १४३२६६६७.६९ मौज्दात राखेको छ ।
मलेप फाराम २७२ को अनुसूची २४ मा कारोबारमा भिन्नता रु.१६७०१३०५।१० देखिएकोमा के कारणले फरक पर्न गएको यकिन हुनुपर्दछ ।
अनुसूची १२ मा संघीय सरकारबाट प्राप्त अनुदान रु ६४२१०३०९६ छ भने प्राप्ति महलमा भने रु ६३४४८००९६ रहेको छ । फरक हुनुको कारण यकिन गर्न सकिएन ।</td><td></td></tr>
<tr><td>१२२.२</td><td></td><td></td><td>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३० (७) मा प्रदेश तथा स्थानिय विनियोजन ऐनले फ्रिज नहुने भनि तोकेको खर्च शिर्षक बाहेक अन्य बजेट शिर्षक आर्थिक वर्ष समाप्त हुनुभन्दा सात दिन अगाडी भुक्तानी दिई लेखा अद्यावधिक गरी निकासा बन्द गर्नुपर्ने व्यवस्था छ । त्यस्तै खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा स्थानान्तरण गर्नुपर्नेमा निम्न खाताको बैंक नगदी किताबमा मौज्दात बाँकी रहेको देखिन्छ ।<table><tr><th>खाता शिर्षक</th><th>रकम</th></tr><tr><td>चालु खर्च खाता</td><td>१,९२,८१,४९२.९५</td></tr><tr><td>पुँजीगत खर्च खाता</td><td>५,०५,८३,९३४.११</td></tr></table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१२२.३</td><td></td><td></td><td>चौमासिक पूँजीगत खर्च - प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम २४ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २६ बमोजिम चौमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिंगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।
<table>
<tr><th rowspan="2">पूँजीगत खर्च शीर्षक</th><th rowspan="2">कुल खर्च</th><th colspan="3">चौमासिक खर्च (रु.हजारमा)</th><th rowspan="2">आषाढ महिनाको मात्र खर्च</th></tr>
<tr><th>प्रथम चौमासिक</th><th>दोस्रो चौमासिक</th><th>तेस्रो चौमासिक</th></tr>
<tr><td>कूल खर्च:</td><td>५६,१५,५४</td><td>९,४८,३७</td><td>६,८१,५९</td><td>३९,८५,५७</td><td>२८,१४,५५</td></tr>
</table></td><td></td></tr>
<tr><td>१२२.४</td><td></td><td></td><td>अवकास कोष – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरवन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन ।</td><td></td></tr>
<tr><td>१२३</td><td></td><td></td><td>आगलागीमा राहत
नगरपालिकाले आगलागी भएको भनि विभिन्न पसलका धनिहरुलाई भौ नं ३८, ५८, ११२ बाट रु ६७६००० भुक्तानी दिएको छ भने अन्य भौचरबाट समेत यस्ता राहत सहायता वितरण गरेको छ । विमा कार्यक्रम ल्याएर जोखिम न्यूनिकरण गर्न सकिनेमा यसरी राहत वितरण गर्ने कार्यले कार्यालयबाट व्ययभार पर्न गएको छ । व्यवसायिक क्षेत्रमा अनिवार्य वीमा गर्नुपर्ने नीति अगाडी सारी व्यवसायीलाई राहत मिल्ने देखिँदा यस तर्फ नगरको ध्यान जानुपर्ने देखिन्छ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१२४</td><td></td><td></td><td>

कोभिड सामाग्री खरीद

विपद व्यवस्थापन कोष शिर्षकबाट सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ बमोजिमको विशेष परिस्थितिमा खरिदका प्रक्रिया अपनाउँदा संक्रमण बढ्ने सम्भावना भएको भनि सूचिकृत रहेका फर्महरुसंग दररेट माग गरी ३ दिनको म्याद राखी न्यूनतम मूल्य स्वीकृत गरी देहायबमोजिमको सप्लायर्सबाट पिपिइ अक्सिमिटर फेस सिल्ड सेनिटाइजर लगायत स्वास्थ्य सामाग्रीहरु खरिद भएको पाइयो । सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४५ मा दशलाख रुपैयाँ भन्दा बढी रकमको खरिद गरेको भएमा त्यस्तो निकायले त्यसरी खरिद भएको बिवरणको सार्वजनिक सूचना प्रकाशन गर्ने र सोको जानकारी सार्वजनिक खरिद अनुगमन कार्यालयलाई पठाउनु पर्ने व्यवस्था भएकोमा सो गरेको पाइएन ।

<table>
<tr><th>भौ नं र मिति</th><th>फर्मको नाम</th><th>रकम</th></tr>
<tr><td rowspan="3">८।२।१०</td><td>सिद्धि साइ सर्जिकल एण्ड केमिकल सेन्टर</td><td>११४१३००</td></tr>
<tr><td>पोख्रेल टेडर्स एक्जिम प्रालि</td><td>३७४३१८१।५०</td></tr>
<tr><td>जय लक्ष्मी सप्लायर्स</td><td>१७५९१२७।५०</td></tr>
<tr><td>१९।३।१</td><td>जय लक्ष्मी सप्लायर्स</td><td>२४४३९०७।५२</td></tr>
<tr><td>२९।३।१६</td><td>पोख्रेल टेडर्स एक्जिम प्रालि</td><td>६२७८२८</td></tr>
<tr><td>३५।३।२९</td><td>सिद्धि साइ सर्जिकल एण्ड केमिकल सेन्टर</td><td>२५५६०६</td></tr>
<tr><td>३६।३।२९</td><td>जय लक्ष्मी सप्लायर्स</td><td>१६९११५८</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>११६६२१०९</td></tr>
</table>

</td><td></td></tr>
<tr><td>१२५</td><td></td><td></td><td>

बढी दरमा खर्च

कोरोना भाइरस क्वारेन्टाइन संचालन तथा व्यवस्थापन गर्न बनेको मापदण्ड २०७६ अनुसार क्वारेन्टाइनमा रहेका व्यक्तिहरुलाई उपलब्ध गराइने खाजा खाना सुरक्षा निकायबाट व्यवस्थापन गरिने र प्रति दिन प्रति व्यक्ति क्वारेन्टाइन रहेको जिल्लामा कार्यरत नेपाल प्रहरीको लागि निर्धारित राशनदर बमोजिक खाना खाजा उपलब्ध गराइने व्यवस्था रहेको छ । उक्त व्यवस्था अनुसार नगरी नगरपालिकाले कर्भड हल र सिग्देलबन्धु भवन दुलारी तथा व्यापार संघमा खडा गरिएको क्वारेन्टीनहरुमा रु. ३५०/- का दरले सलकपुर खाजा घरलाई खाना खाजा वापत रु.१९९७४१ र प्रणाम मम पसलबाट २२३१२१/- भुक्तानी गरेको पाइयो ।

</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१२६			**मुअ कर समायोजन** मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ ग अनुसार ठेक्का वा करार अन्तर्गत आपूर्ती हुने बस्तु वा सेवाको मूल्य अभिवृद्धि कर सहितको भुक्तानीमा मूल्य अभिवृद्धि कर रकमको ५० प्रतिशतले हुने रकम निजको नामबाट कार्यालयले सम्बन्धित राजस्व शिर्षकमा जम्मा गर्नुपर्दछ।देहायका निर्माण व्यवसायीहरुलाई भुक्तानी गरेकोमा नगरपालिकाले देहायको भुक्तानीमा नियमानुसार ५० प्रतिशत वा ३० प्रतिशतले हुने मूल्य अभिवृद्धि कर रु. ५१२७७५.३५ कट्टि गरी सम्बन्धित राजस्व शिर्षकमा जम्मा नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ । तसर्थ उक्त रकमको कर समायोजन प्रमाण पेश हुनुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.	५१२,७७५.३५

सप्लायर्स	प्यान	विल रकम	बिजक	मु.अ.कर	५० प्रतिशत वा ३० प्रतिशत
जयलक्ष्मी सप्लायर्स	६०८६०४२९५	२४४३९०७।५०	३७३।२।८	२८११५७.५	१४०५७८।८०
		११९४१२७।५०	३६५।२।८	१३७३७७.५	६८६८८।७५
		९६९५४०	३९३।३।२०	१११५४०	५५७७०
		७२१६१८	३८८।३।१२	८३०१८	४१५०९
सिद्धि साइ सर्जिकल र केमिकल सेन्टर	३०३३९५७७१	११४१३००	३५३१।२।८	१३१३००	६५६५०
पोख्रेल टेडर्स एजिम प्रालि	६०६७६६११९	३७४३१८१।५०	६०८।२।९	४३०६३१.५	१४०५७८।८०
जम्मा					५१२७७५.३५

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१२७	४६	२०७८-३-३०	**कर्मचारी राहत** कोभिड १९ को संक्रमण को समयमा सरकारी कर्मचारी तथा जनशक्ति परिचालनका गरी सहज सेवाप्रवाह गराउनका लागि नेपाल सरकारले कोभिड वीमा कार्यक्रम ल्याएको छ। त्यस्तै कार्यरत जनशक्तिलाई थप प्रोत्साहन गर्न तथा हुन सक्ने जोखिम कम गर्न नगरपालिकाले विमा संस्थानसंग सम्झौता गरी सामुहिक विमा कार्यक्रम ल्याई लागु गर्नुपर्दछ तर यस नगरपालिकाले देहायका कर्मचारीलाई कोभिड संक्रमण भएको भनि उपचार खर्च वापत कोभिड कोषबाट आर्थिक सहायता दिएको छ। यसले कार्यालय माथि आर्थिक भार पर्न गएकोले सम्बन्धित कर्मचारीहरुबाट सो रकम असूल गर्नुपर्ने रु कर्मचारीको नाम / रकम: बाबुराम भट्टराई – १००००० दिपक प्रसाद बजगाई – १५०००० रोशन खनाल – १००००० जम्मा – ३५००००	३५०,०००
१२८			**कोभिड कोष आम्दानी र खर्च** कोभिड-१९ रोकथाम नियन्त्रण र व्यवस्थापनमा २०७७।७८ प्राप्त विवरण अनुसार गत वर्षको मौज्दात रु २२ लाख ४२ हजार, यस वर्षको रु २ करोड ६२ लाख गरी जम्मा रु २ करोड ८४ लाख ४२ हजार आम्दानी भएकोमा रु ११ लाख १६ हजार, होल्डिङ्ग सेन्टरमा रु ४० लाख ३३ हजार, औषधी तथा उपकरण खर्च रु ८७ लाख ६३ हजार, जोखिम भत्ता रु १६ लाख ३९ हजार र अन्य खर्च रु १८ लाख ५० हजार गरी रु १ करोड ७४ लाख १ हजार खर्च भई रु १ करोड १० लाख ४१ हजार मौज्दात रहेको छ।	

कर्मचारीको नाम	रकम
बाबुराम भट्टराई	१०००००
दिपक प्रसाद बजगाई	१५००००
रोशन खनाल	१०००००
जम्मा	३५००००

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१२९</td><td></td><td></td><td>
अनुगमन तथा सम्परीक्षण
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४(२) (घ) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९ र ४० अनुसार बेरुजूको लगत राख्ने र फछ्र्योट गरी सम्परीक्षण गर्ने दायित्व जिम्मेवार व्यक्तिको हुने व्यवस्था छ। नगरपालिकाले बाँकी बेरुजू मध्ये डोर समक्ष सम्परीक्षणको लागि रु. ९०१२५०७३।२२ पेश भएकोमा रु८४८९५५२० सम्परीक्षण गरी जानकारी दिईएको छ । कार्यालयले यस वर्ष सम्परीक्षणका लागि पेश गरेको मध्ये डोरमा सम्परीक्षण भएको बेरुजुको विवरण देहाय बमोजिम छ ।
<table>
<tr><th>आ.व.</th><th>दफा</th><th>सम्परीक्षणको व्यहोरा र ठहर</th><th>फछ्र्योट रकम</th></tr>
<tr><td>२०७६।०७७</td><td>२</td><td>कम जिम्मेवार सारेको रकम रु ५४८९७७८३।२२ समेत समावेश गरी भौ नं १ मिति २०७७।५।२१ बाट रु२९२९८२७४३।७३ संचित कोषमा आम्दानी बाँधेको प्रमाण पेश भएकोले फछ्र्योट ।</td><td>५४८९७७८३.२२</td></tr>
<tr><td>२०७६।०७७</td><td>२५</td><td>प्रदेश लेखा नियन्त्रक कार्यालयलाई बाडँफाड गर्नुपर्ने रकममा बेरुजु कायम रकम रु२४१०००००२ समेत गरी कुल रु३८०६०४६०।५१ दाखिला गरेको प्रमाण पेश भएकोले फछ्र्योट ।</td><td>२४१०००००२</td></tr>
<tr><td>२०७६।०७७</td><td>४३.६</td><td>बिल भरपाई विद्यालयबाट सम्बन्धित कार्यक्रममा खर्च भएको पत्र समेत प्राप्त भएको प्रमाणका आधारमा फछ्र्योट ।</td><td>८५८८६८</td></tr>
<tr><td>२०७६।०७७</td><td>११९</td><td>पेश्की फछ्र्योटको प्रमाण पेश भई फछ्र्योट ।</td><td>५०३८८६७</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>८४८९५५२०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१३०</td><td></td><td></td><td>
बेरुजुको अध्यावधिक विवरण
अनुगमन तथा सम्परीक्षण – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्योट गर्ने व्यवस्था रहेको छ । सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्योट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यस पालिकाको २०७७।७८ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ ।
<table>
<tr><td colspan="5">(रु. हजारमा)</td></tr>
<tr><th>गत वर्षसम्मको बाँकी बेरुजू (A)</th><th>यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B)</th><th>यो वर्ष कायम बेरुजू (C)</th><th>संपरीक्षणबाट कायम बेरुजू (D)</th><th>अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D)</th></tr>
<tr><td>२३८३२९</td><td>८४८९६</td><td></td><td>०</td><td></td></tr>
</table>
</td><td></td></tr>
</table>